मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ८८ ● २०८० साल फागुन ०२ गते बुधबार ● Wednesday 14, February 2024 ● सूर्योदय: बिहान ६:४३ बजे ● सूर्यास्त: साँझ ५:५६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## 'सानो पाइला' विरुद्ध 'ठूलो एक्सन'मा के हुँदैछ ?

**मधेशदृष्टि**
**वीरगंज ।**
२०७९ वैशाख ३० गते स्थानीय तह निर्वाचन भयो । कसैलाई पनि खाइपाइ आएको सत्ता यसरी गर्लम्म ढल्ला जस्तो लागेकै थिएन । तर वीरगंज महानगरमा भयो त्यस्तै, वीरगंज महानगरले राजेशमान सिंहको नयाँ नेतृत्व पायो । मधेश राजनीतिमा सक्रिय वीरगंजका युवा नेता सिंह मेयरमा निर्वाचित भएपछि पराजितहरुले परसम्म सोच्नै सकेनन्, बरु परैसम्म अब हाम्रो पालो आउँदैन भन्ने मात्रै सोचे । २०७९ जेठ १२ गते शपथ लिएका सिंहले शपथ चल्दै गर्दा वीरगंजको घण्टाघरमा बिग्रिएको सडक मर्मत गर्न डोजर चलाए । हक्की स्वभावका सिंहले जेठ १३ गतेबाट महानगरको नियमित काम सुरु गरेको पाचौँ महिनामा वीरगंजमा निकै चर्चामा रहेको सानो पाइला बचत तथा ऋण सहकारी संस्थाले बचत रकम नदिएको गाइँगुइँ महानगरसम्म आइपुग्यो । २०७९ कात्तिक २७ गते ४४ जनाको हस्ताक्षरसहितको संयुक्त निवेदन प¥यो महानगरमा । जनताको खुन पसिनाको बचत हिनामिना भएको थाहा पाएपछि सिंहले भोलिपल्टै ऋणी विवरण, बचतकर्ताको विवरण र शेयर सदस्यको विवरणसमेत आवश्यक कागजात महानगरमा बुझाउन पत्र काट्न लगाए । ग्यालेक्सी फोरकेका प्रबन्ध निर्देशक रवि लामिछानेजस्ता हस्तीको साथ र समर्थन पाएको सानो पाइलाले महानगरको पत्रलाई 'नेप्किन र टिस्यु पेपर' जति पनि ठानेन । सहकारीमा देखिएको समस्या समाधानका लागि सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिलाई २०८० जेठ १६ गते महानगरले बोलायो । दोश्रो पटकको बोलावटमा समेत नआएपछि पुनः छलफलको लागि जेठ २४ गते उपस्थित हुन ताकेता पत्र काटियो । सोही दिन वीरगंज महानगर वडा नम्बर १७ का अध्यक्ष सञ्जीव बहादुर क्षेत्रीको संयोजकत्वमा रहेको सहकारी अनुगमन समितिले सानो पाइलाको स्थलगत अनुगमन गरी सहकारीको अवस्था नाजुक रहेको प्रमुख

बाँकी पृष्ठ २ मा

## पालिकाको सरुवाविरुद्ध अधिकृत अदालतमा



**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको राजविराज नगरपालिकाले प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा फिर्ता पठाउने निर्णय गरेको विरुद्धमा उच्च अदालत जनकपुर राजविराज इजलासमा प्रमुख प्रशासकीय अधिकृत गुरुङले रिट दायर गरेका छन् ।
माघ २२ गतेको मिति उल्लेख रहेको पत्रमा फागुन १ गतेदेखि लागु हुने गरी प्रमुख प्रशासकीय अधिकृत विष्णु प्रसाद गुरुङलाई मन्त्रालयमा पठाउने निर्णय भएको थियो । निर्णयविरुद्ध उच्च अदालत जनकपुर राजविराज इजलासमा मंगलबार गुरुङले उत्प्रेषणको रिट दायर गरेका हुन् । नगर प्रवक्ता जयनारायण मण्डलको नेतृत्वमा टोलीले नगरपालिकाविरुद्ध अदालतमा गएको भन्दै उनको कार्यकक्ष र क्वार्टरमासमेत गरेको तालाबन्दी मंगलबार साँझ खुलेको छ ।
जनप्रतिनिधिबीच भएको विवादित निर्णय कार्यान्वयन गर्न नमानेको आक्रोशमा आफूलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय फिर्ता पठाएको पत्र थमाएको प्रमुख प्रशासकीय अधिकृत गुरुङले बताए ।
'नगरपालिकाका केही करार कर्मचारी हटाउन १८ जना कार्यपालिका सदस्यको हस्ताक्षर आफूलाई बुझाइयो,'

बाँकी पृष्ठ २ मा

### लुटको साम्राज्य चलाउन नपाउँदा महानगरप्रमुख सिंहमाथि प्रहार

## के हो रवि–जिबी र सिधाकुराको कनेक्सन ?

### राई समूह संलग्न अन्य संकटामुख कम्पनीहरु

*१.जिबी ग्रुप अफ कम्पनी*
*२. नेचर हर्ब इन्टरनेशनल प्रालि*
*३. नेचरनेष्ट प्रालि,*
*४. स्प्रिङ उड रियल स्टेट एन्ड हाउजिङ प्रालि*
*५. अरुणदेव कन्स्ट्रक्सन एण्ड सप्लायर्स*
*६. गोर्खा ग्रुप मल्टिइन्भेष्टमेन्ट*
*७. शाङ्की एजुकेसन फाउन्डेसन प्रालि*
*८. प्रोफेसनल एग्रिकल्चर फर्म*
*९. नेपालश्री मल्टिमिडिया*
*१०. गोर्खा इन्टरनेशनल प्रालि*
*११. प्यागोडाज होम प्रालि*
*१२. नेचर हब्र्स बिजनेश स्कुल प्रालि*
*१३. नेशनल एग्रिकल्चर एण्ड रिसर्च सेन्टर*
*१४. मिल्की वे एजुकेसनल कन्सल्टेन्सी*
*१५. मन्दरा टुर एण्ड एक्सिडिसन प्रालि*
*१६. मन्दरा स्पा एण्ड वेलनेश सेन्टर प्रालि*
*१७. हाउस अफ दि मिल्क वे*
*१८. हिमालयन किङ्डम एक्सपोर्ट प्रालि*
*१९. हर्बो इन्टरनेशनल प्रालि*
*२०. जिटिआर लिंक प्रालि*
*२१. गोर्खा हर्बल प्रडक्सन*
*२२. गोर्खा ग्रुप अफ इन्टरनेशनल*
*२३. गोरखा ग्रुप अफ कम्पनी*
*२४. गोर्खा आयुर्वेद कम्पनी*
*२५. बोधान एजुकेसन फाउण्डेसन*



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालीमा उखान छः जो सबभन्दा डरपोक छ, उसको नाम वीरबहादुर । हो, नामअनुसार काम र कामअनुसार नाम नभएर नै बेलाबेला यस्ता उखान प्रयोगमा आउँछन् । नामअनुसार काम भएन भने समाजलाई प्रश्न उठाउनेहरुले पनि समाजको प्रश्न थेग्नु पर्छ । उत्तर दिनु पर्ने ठाउँमा समाजले ढिलोचाँडो पु¥याउँछ नै । नाम 'सिधा' भए पनि मूलविषय ओझेलमा पार्दै तपसिलका स्वार्थ पूरा नभइन्जेल 'भ्रम'को निरन्तर शृंखला चलाइयो भने पक्कै जनताले त्यस्ता पात्र, परिवेश र सामग्रीबारे पनि प्रश्न सोध्न सक्छन् । र, यसरी नै अहिले वीरगंजबासीले प्रश्न सोधेका छन् एउटा मिडिया सिधाकुरा डटकमलाई । जसले लगातार वीरगंज महानगरका नगरप्रमुख राजेशमान सिंहविरुद्ध मोर्चा कसेको छ । त्यो मोर्चाले व्यक्तिगतरुपमै महानगर प्रमुखविरुद्ध मात्र एकतर्फी समाचार सम्प्रेषण गरेको छैन, सिधाकुरासँग जोडिएका पात्रहरुलाई भने छपक्कै छोपेर कारबाहीबाट जोगाउन कम्मर कसेर लागेको देखिएको छ । महानगरमा प्रमुख निर्वाचित भएपछि गरेका काममा औँला उठाउने ठाउँ नपाएपछि केहीलाई हनहनी ज्वरोसहति 'बसिसुख न उठिसुख'को अवस्था थियो । कसरी नगर प्रमुखलाई तेजोबध गर्ने भनेर साँझ छिप्पेर रात हुँदै गएपछि सामाजिक सञ्जालमा स्ट्याटस लेखेर आफ्नो स्ट्याटस चैँ घटाउँदै जानेहरुको हूलमा मिस्सिएर यही अनलाइनले लगातार नगरप्रमुखको व्यक्तिगत मानमर्दनमा उत्रिन थालेपछि कतै वीरगंजमा कुनै मूठभेड नै गरेर 'आफ्नो अपराध लुकाउन मदत मागिरहेको' त होइन भन्ने प्रश्न उब्जिएको छ । केही वर्षअघि नुवाकोटका पत्रकार शालिकराम पुडासैनीको चितवनमा भएको शंकास्पद मृत्यु र त्यसमा जोडिएको आत्महत्या दुरुत्साहनको मुद्दामा रवि लामिछानेसँगै पक्राउ परेका युवराज कँडेलको आवरणमा रवि लामिछाने र गितेन्द्रबाबु (जिबी) राईको नगरप्रमुख सिंहमाथि प्रतिशोध साँध्ने काम भइरहेको छिपेको छैन ।
'सिधा कुरा जनता'कार्यक्रममा अडियो दिने कँडेल प्रमुख सिंहको मानमर्दनमा खटनपटनमा भनिए भन्दा बढी इमानदार भएर खटिएको देखिएका छन् । दुःख पर्दा हातमुख जोर्न जनताले खुन पसिनाको एक एक पाई गरेर सहकारीमा जम्मा गरेको बचतबाट गैरकानुनीरुपमा डेढ अर्ब लगानीमा खोलिएको ग्यालेक्सी फोरके टिभी बन्द भएपछि रविको राजनीतिसमेत भरथेग गर्दै अनलाइनले जिबी राईलाई समेत जोगाउन सकिन्छ कि भनेर वीरगंजका महानगरप्रमुखको व्यक्तिगत मुद्दामा निकै समय र लगानी खपत गरेको छ । तर 'एकोहोरो घोक्रोसुकाइ'बाहेक कुनै उपलब्धि हासिल नभएपछि 'सेफ ल्यान्डिङ' कसरी गर्ने भनेर विषयान्तरमा पनि नगरप्रमुखलाई जोड्न भने छाडिएको छैन ।
'महिना पारी होइन, महिना वारी' तलबको सफेद झूटसहितको लोभलाग्दा नारा दिएर निकै तामझामका साथ जनताको ठूलो बचत रकम अपचलन गरी खोलिएको ग्यालेक्सी टिभीमा वीरगंजस्थित सानो पाइला बचत तथा ऋण सहकारी संस्थामार्फत वीरगंजबासीको खुनपसिनाको कमाइसमेत हिनामिना भएपछि वीरगंजका नगरप्रमुख सिंहले सानो पाइलामाथि कारबाहीको डण्डा चलाउँदा भागभाग र पक्राउको सिकार भएका राई समूहको रुवाबासी बुलेटिन बनेको अनलाइनले वीरगंज महानगर प्रमुख सिंहकै एक्सनले 'मोस्ट वान्टेड' हुनु पर्ने अवस्था आएको निष्कर्षसहित अनलाइनमार्फत 'भ्याकुरखेदाइ' अभियान चलाए पनि मूलमुद्दामा नगर प्रमुख जोड्न सहायक पात्रको खोजीमा मोबाइलको बत्ती बालेर टोली परिचालन हुन थालेको छ । ग्यालेक्सी टिभीका अध्यक्ष जिबी राई नै मुख्य सञ्चालक र संस्थापक रहेको सानो पाइलालाई कारबाहीको डण्डा चलाएपछि त्यसको चोट सहकारीको पैसा लगानी भएको ग्यालेक्सी फोरकेका तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने तथा उनका विश्वासपात्र युवराज कँडेलमाथि समेत नपर्ने सम्भावनै रहेन । मुलुकका प्रमुख सहरमा राई समूहले खोलेको सहकारीमा समस्या देखिएकै बेला वीरगंजका नगरप्रमुख सिंहले वीरगंजबासीको बचत रकम फिर्ता गर्न स्वयम् राईसमेतको सहभागितामा बैठक तथा सहमति गरे पनि कार्यान्वयन गर्न नचाहँदा आज राई मोस्टवान्टेड भएका छन् भने उनका समूहका पत्रकार चैँ राजेशमान सिंहलाई सडकमा ल्याउने भन्दै सडकमै एकतर्फी कुर्लिरहेका छन् ।
निरन्तर प्रयास सफल नभएपछि अन्ततः नगरप्रमुख सिंहले वीरगंजको सानो पाइला सहकारीलाई समस्याग्रस्त घोषणा गरेर भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सहकारीका सञ्चालकको सम्पत्ति रोक्का, नेपाल राष्ट्र बैंकलाई बैंक खाता रोक्का र केन्द्रीय अनुसन्धान ब्यूरोलाई व्यक्ति पक्राउ गरी

बाँकी पृष्ठ २ मा

अक्षराम्भ दिवसको शुभकामना ।

आज अर्थात् सरस्वती पूजा । विद्याकी देवी सरस्वतीको वन्दना दिवस । यही दिन हामी शिक्षादीक्षा सुरु गर्छौं । अर्थात् जिन्दगीलाई लयमा लैजाने दिन मानेर अक्षराम्भ गर्दै शिक्षित हुने अध्याय सुरु हुन्छ । सरस्वती पूजाका अवसरमा तमाम विद्यार्थी भाइबहिनी, अभिभावक, शिक्षक, प्रशिक्षक, सर्जक र समाजलाई उज्यालोतिर डोर्याउन अहोरात्र खटिने जनमनलाई हार्दिक शुभकामना । शिक्षाले नै हामीलाई सहजतातिर लैजान्छ, सरलतातिर लैजान्छ । उज्यालोतिर लैजान्छ । सबै अभिभावकलाई पनि सन्ततिलाई शैक्षिक उन्नयनमा सरिक गराउन हुन अनुरोध गर्दछु ।



बाबुराम यादव
क्षेत्र नं. २ धनुषा

सञ्चयकोष कर्मचारीहरुको लागि
अत्यन्त जरुरी सूचना

यही फाल्गुन १ गतेदेखि कर्मचारी सञ्चयकोष सञ्चयकर्ता स्वास्थ्य उपचार योजना अन्तर्गत अस्पताल भर्ना भई उपचार गराएको साधारण रोगको हकमा प्रत्येक वर्ष बढीमा रु. १००,०००।- र घातक रोगको हकमा सेवा अवधी भरीमा रु. १०,००,०००।- सम्म स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउने अस्पतालहरुको सूचिमा **Save Life Hospital & Research Centre** प्रा.लि. उल्लेखित भएकोले यस अस्पतालमा उपचार गराएको हकमा स्वास्थ्य उपचार सुविधा उपलब्ध गराउने व्यहोरा जानकारी गराईन्छ ।

**नोटः** मंसिर १ गतेदेखि **निःशुल्क हेमोडायलेसिस** सुचारु भएको हुँदा इच्छुक मृगौला रोगीहरुले आफ्नो नाम सुरक्षित गराउन अस्पताल प्रशासनसंग सम्पर्क गर्न हार्दिक अपिल छ ।
- आगामी फाल्गुन **५ गते र १९ गते** नेपालको प्रख्यात **डा. अभय यादव**बाट निःशुल्क OPD सेवा तथा अन्य जाँचमा ५०% छुट गरिनेछ ।



सेभ लाइफ हस्पिटल
जनकपुरधाम–८ (पगलाबाबा धर्मशालाको दक्षिणपट्टी)
email:savelifehospital2077@gmail.com
सम्पर्क नं.-9851208156, 9818200948

# कांग्रेस र कम्युनिष्ट सत्ताबाटै देश लुटिरहेका छन्ः साह

**मधेशदृष्टि**
**वीरगंज ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साहले कांग्रेस र कम्युनिष्टले सत्तामा बसेर देश  लुटिरहेको आरोप लगाएका छन् । वीरगंजमा मंगलबार जनयुद्ध दिवसको अवसरमा आजपाले आयोजना गरेको अन्तरक्रियामा पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष साहले कांग्रेस र कम्युनिष्टबीच कुनै फरक नरहेको टिप्पणी गरे । उनले भने, 'उनीहरुको पार्टीको नाम र झण्डा मात्रै फरक छ तर काम एउटै छ । जसरी हुन्छ शासन सत्तामा बसेर देशलाई लुट्ने । जनतालाई कंगाल बनाउने ।'

पुराना दललाई डाँकाको संज्ञा दिँदै अध्यक्ष साहले डाँकाको गिरोहमा आफनो पार्टी साधु बनेर आएको दाबी गरे । आजपा फरक धरातल र धारबाट बनेको पार्टी भएको बताउँदै साहले उनीहरुको काम देश लुट्ने, हाम्रो काम देश बनाउने भएको बताए ।

अध्यक्ष साहले माओवादीको ११ वर्षे जनयुद्ध जायज भए पनि त्यसबाट माओवादीकै नेता मालामाल भएको तर जनता भने कंगाल बन्दै गएको आरोप लगाए । उनले जनयुद्ध नेपाल र नेपालीको अवस्था बदल्न र तल्लो वर्गका जनतालाई मालिक बनाउने उद्देश्यले भए पनि त्यो उद्देश्य पूरा हुन नसकेको बताए ।

उनले भने, 'अहिलेको संविधान धोखाको पुलिन्दा हो । संविधान जारी गर्ने बेलामै आफूले यो संविधान धोखा हो भन्दै हस्ताक्षर नगरेको र अहिले सही साबित भएको छ ।'

अध्यक्ष साहले माओवादी जनयुद्ध र मधेश आन्दोलनलाई धोखा दिएर जारी गरिएको संविधान केबल धोखाको पुलिन्दा नै भएको अडानमा आफू अहिले पनि कायम रहेको बताए । उनले देशमा लोकतन्त्रका नाममा पुराना दलले पालैपालो सत्तामा बसेर देश र जनता लुट्ने काम गरिरहेको आरोप लगाए ।

आजपा केन्द्रीय सचिव एवम् मधेश प्रदेश कमिटीका अध्यक्ष उमेश कुशवाहाको अध्यक्षतामा भएको अन्तरक्रियामा केन्द्रीय उपाध्यक्ष समिना हुसेन, अशोक लामा, महासचिव त्रिभुवन साह, मधेश प्रदेश इन्चार्ज सुधीर यादव, केन्द्रीय सचिव बाबुराम कौशिक, नेता इस्लाम हवारी, स्थायी कमिटी सदस्य एवम् पर्सा इन्चार्ज कदम रसुललगायत नेता तथा कार्यकर्ताको उपस्थिति थियो ।

यसैबीच, जसपा नेपाल परित्याग गरी सैयौँको संख्यामा आजपा प्रवेश गरेका थिए । नवप्रवेशीलाई र विदेशबाट रोजगारी गरी फर्किएका दर्जनौँ युवालाई फूलमाला लगाएर सम्मान गरिएको थियो ।

# रेडियो नेपालद्वारा बज्जिका भाषामा समाचार प्रसारण

**रासस**
**काठमाडौँ ।**
रेडियो नेपालले बज्जिका भाषाको समाचार तथा कार्यक्रम प्रशारण आरम्भ गरेको छ । विश्व रेडियो दिवसका अवसरमा रेडियो नेपालले मंगलबारदेखि उक्त भाषामा समाचार तथा कार्यक्रम प्रसारण थालेको हो । चौबिसै घन्टा प्रसारण हुँदै आएको रेडियो नेपालले यसअघि २१ भाषामा समाचार तथा २० भाषामा कार्यक्रम प्रसारण गर्दै आएको थियो । मधेश प्रदेशका रौतहट, बारा, सर्लाहीलगायत जिल्लामा बज्जिका भाषा बोल्ने समुदायको बाक्लो उपस्थिति रहेको छ ।

पछिल्लो जनगणनाअनुसार नेपालमा बज्जिका भाषा बोल्ने नागरिकको संख्या करिब ११ लाख ३३ हजार छ । मधेश प्रदेशमा मैथिली र भोजपुरीपछि धेरै बोलिने भाषाका रुपमा बज्जिका रहेको छ । बज्जिका नेपालमा धेरै बोलिने भाषाको सूचीमा छैटौँ स्थानमा छ ।

बज्जिका भाषाको समाचार तथा कार्यक्रम प्रसारण शुभारम्भ गर्दै सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव एवं रेडियो प्रचार सेवा विकास समितिका अध्यक्ष रामकृष्ण सुवेदीले समावेशी राज्यको चरित्रलाई सरकारी निकायले पनि अनुसरण गर्नुपर्ने बताए । नेपाल पत्रकार महासङ्घका अध्यक्ष विपुल पोखरेलले स्थानीय भाषाबाट समाचार र कार्यक्रम सम्प्रेषण गर्दा सञ्चारमाध्यमप्रति स्थानीयको अपनत्व बढ्ने बताए ।

राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झाले राज्यले सबै भाषाको विकासमा ध्यान दिनुपर्ने बताए ।

रेडियो नेपालका कार्यकारी निर्देशक बुद्धिबहादुर केसीले भाषा, विषयवस्तु र जनशक्तिमा समावेशी सञ्चारमाध्यमको नमुनाका रुपमा रेडियो नेपाल रहेको बताए । तीनवटा प्रसारण केन्द्रसहित हाल सातवटै प्रदेमा प्रादेशिक प्रसारण कार्यालय र ३२ एफएम रिले स्टेसनबाट रेडियो नेपालले देशभर प्रसारण सेवा विस्तार गरेको छ । रेडियो नेपाल ९३ प्रतिशत जनताको पुहुँचमा पुगेको कार्यकारी निर्देशक केसीले जानकारी दिए । रेडियो नेपालको पहुँच शतप्रतिशत भूभाग र नागरिकमाझ पुर्याउने लक्ष्यका साथ काम भइरहेको रेडियो नेपालले जनाएको छ ।

# पालिकाको सरुवाविरुद्ध...

उनले भने, 'तर हटाउन भनिएका मध्येका केही कर्मचारीको सेवा अवधि थप्न मेयर साबले दबाब दिनुभयो, मैले दुवै पक्षले दिएको दबाब अस्वीकार गरेपछि मेयर साब मविरुद्ध लाग्नु भएको हो ।' गुरुङले आफूलाई थमाएको पत्र स्थानीय सरकार सञ्चालन ऐन तथा कानुनविपरीत रहेको दाबी  गरेका छन्  ।

नगरपालिकाको निर्णयविरुद्ध मंगलबार उत्प्रेषणको मुद्दा दर्ता गराइएको र  बुधबार पेशी तोकिएको उनले जानकारी दिए । 'कार्यपालिकाको सदस्य सचिवबाहेकको बैठकको निर्णयको कुनै औचित्य हुँदैन,' गुरुङले भने, 'कसैको घरमा बसेर निर्णय गर्नु, कार्यपालिका सदस्यको घरघरमा पुगेर हस्ताक्षर गराउनु ठिक पनि होइन, त्यसो गर्दा नियम उल्लंघन गरेको ठहर्छ ।'

विगतमा तीन महिनाको अवधिमा २४ लाख रुपैयाँको खाजा तथा विगतमा खरिद गरिएको भनिएको भेपर लाइटबापतको ठूलो रकम वास्तविकता नबुझी भुक्तानी दिन गुरुङ तत्पर नहुँदा विवाद बढ्दै गएको बताइएको छ ।

विगत चार महिनाभित्र नगरपालिकामा इन्धनबापत २८ लाख रुपैयाँ खर्च भएकामा आफू आएपछि प्रति महिना इन्धन खर्च नियन्त्रण गरी अधिकतम २ लाख रुपैयाँसम्म पुऱ्याएको गुरुङले दाबी गरे ।

राजविराज नगरपालिकाकी कार्यवाहक नगरप्रमुख इसरत परविनले प्रमुख प्रशासकीय अधिकृतलाई मन्त्रालय पठाउने निर्णय कानुनसम्मत् रहेको दाबी गरिन् । 'नगरपालिकाले आफ्नो क्षेत्र अधिकारबमोजिम निर्णय लिएको छ,' उनले भनिन्, 'गुरुङले प्रशासनिक काम भन्दा पनि राजनीति बढी गरेकाले आफ्नो अधिकार प्रयोग गरेर मन्त्रालय पठाउने पत्र दिएको छु ।' प्रमुख प्रशासकीय अधिकृत गुरुङले आफूमाथि लगाइएको आरोप निराधार रहेको बताउँदै मेयर परविनले राजनीति गर्ने प्रमुख प्रशासकीय अधिकृत नगरपालिकालाई आवश्यक नभएकाले कार्यपालिका बैठकको निर्णयबमोजिम नै फिर्ता पठाउने पत्राचार गरेको बताइन् ।

# मुलुकमा क्रान्तिको खाँचो छः महतो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) का वरिष्ठ नेता राजेन्द्र महतोले मुलुकमा राष्ट्रिय क्रान्तिको खाँचो औल्याएका छन् । मंगलबार जनकपुरधाममा आयोजना गरिएको कार्यकर्ता भेटघाट कार्यक्रममा सम्वोधन गर्दै नेता महतोले मुलुकमा राष्ट्रिय क्रान्तिको खाँचो रहेको बताएका हुन् । अधिकारका लागि एकल रुपमा लड्दै आएका कारण हारको सामना गर्नु परिरहेको उल्लेख गर्दै नेता महतोले अबको आन्दोलन एकीकृत भएर राष्ट्रिय आन्दोलन गर्नुपर्नेमा जोड दिए । नेता महतोले बहुल राष्ट्रियताको अधिकारका लागि आन्दोलनको तयारी भइरहेको र एकैचोटी मुलुकभरि आन्दोलन गरिने बताए । आन्दोलनका लागि अधिकारवादी पार्टीहरुलाई एकीकृत हुन आह्वान गर्दै नेता महतोले पदका लागि लोभ लालच छाडेर अन्तिम लडाईमा अग्रसर हुनुपर्नेमा जोड दिए ।



'मुलुक बहुल राष्ट्रियता रहेको छ, तर यहाँका शासकले एकल राष्ट्रियताको पहिचान दिलाएर वर्षौदेखि शोषण गरिरहेको छ' उनले भने । नेपालमा विभिन्न राष्ट्रियताको पहिचान रहेको तर त्यसलाई शासकले स्वीकार गर्न नसकेको उनको भनाइ थियो । नेता महतोले भारतमा अहिलेसम्म एउटै संविधान निमार्ण भएको र आवश्यकता रहेको बेलामा संशोधन गरिरहँदा विश्वको तेस्रो शक्तिशाली देशमा बन्न सफल भएको उदाहरण दिदै नेपालमा अहिलेसम्म सात वटा संविधान निर्माण भए पनि अधिकारबाट बञ्चित भएकै कारण विकास हुन नसकेको धारणा व्यक्त गरे । नेपालमा मधेशी, थारु, जनजातीलगायतका सबै मिलेर बसेको भए पनि देशको शासन र संविधान सोही अनुरुप नबनेको नेता महतोले बताए । उनले भने, 'पृथ्वीनारायण शाहले नेपालको एकीकरण गर्दा एउटा नारा दिएका थिए, 'नेपाल चार वर्ण र छतिस जातको साँझा फुलबारी हो' तर अहिले उक्त कुराको मनन भएको छैन, अहिले एकल राष्ट्रियता हावी रहेको छ ।'

# लुटको साम्राज्य चलाउन नपाउँदा महानगरप्रमुख...

**गितेन्द्रबाबु राईको संस्था र सञ्चालकहरुले कति लगेछन् ?**

| **ऋणीहरुको नाम** | **लगेको ऋण** |
|---|---|
| १. भूपेन्द्र राई | ६५,९९,७२४ रुपैयाँ |
| २. बिमला पौडेल | २,०७,२२,४६४ रुपैयाँ |
| ३. तीर्थराज लामिछाने | १,०६,०६,६२८ रुपैयाँ |
| ४. ग्रेसी स्पुन रेस्टुरेन्ट | ८६,६९,१६० रुपैयाँ |
| ५. नेचर हर्ब इन्टरनेश्नल | १,३७,१३,७७१ रुपैयाँ |
| ६. नेचर नेष्ट प्रालि | १,८५,५१,२२४ रुपैयाँ |
| ७. स्प्रिङ उड रियलस्टेट | १,०१,३४,३५३ रुपैयाँ |
| ८. कुमार रम्तेल | ८४,०१,८५१ रुपैयाँ |
| ९. तस्बिरन खातुन | ५७,२९,८८५ रुपैयाँ |
| **जम्मा** | १०,३१,२९०६० रुपैयाँ |
| **अन्य ठूला ऋणीहरु** | |
| १०. आकाश गुरुङ | १,०६,७७,२४१ रुपैयाँ |
| ११. आयुष कार्की | १,०८,२५,१९१ रुपैयाँ |
| १२. अजयबहादुर थारु | १,०६,६९,२४५ रुपैयाँ |
| १३. अक्षय वाग्ले | ८६,६७,८१२ रुपैयाँ |
| १४. अनिल जिसी | ९६,१७,८२१ रुपैयाँ |
| १५. अन्जु पन्त सुवेदी | १,०४,८६,२४९ रुपैयाँ |
| १६. अनुप पाण्डे | ७९,२९,८२१ रुपैयाँ |
| १७. बबिता गुरुङ | १,०३,७८,८२२ रुपैयाँ |
| १८. वर्षा ढुंगाना | १,०५,५६,२४४ रुपैयाँ |
| १९. विशाल थापा | १,०६,००,८५२ रुपैयाँ |
| २०. विष्णुमाया गुरुङ | १,०६,५४,७१६ रुपैयाँ |
| २१. बुद्धि गुरुङ | ८६,७९,४५६ रुपैयाँ |
| २२. छविलाल जोशी | १,८६,९४,६०४ रुपैयाँ |
| २३. छविराम ढकाल | १,०४,९९,३८० रुपैयाँ |
| २४. छत्रमणि भट्टराई | ८६,९१,१०० रुपैयाँ |
| २५. दिनेश रोका | २,३९,४०,१७७ रुपैयाँ |
| २६. दीपा न्यौपाने | १,०६,३९,५४२ रुपैयाँ |
| २७. दीपक लामा | १,६७,९५,३३५ रुपैयाँ |
| २८. दीपक न्यौपाने | १,०५,६९,३१० रुपैयाँ |
| २९. दिव्या गुरुङ | १,०८,३३,५९६ रुपैयाँ |
| ३०. हेमन्त अधिकारी | १,६७,१५,३७७ रुपैयाँ |
| ३१. विशाल तामाङ | ६,८३,६६,२९४ रुपैयाँ |
| ३२. नवीन आछामी | ३,४९,२६,१३८ रुपैयाँ |
| ३३. रविना रिमाल | २,८४,९३,७७९ रुपैयाँ |
| ३४. गुण्जना गुरुङ | १,०४,१५,३७५ रुपैयाँ |
| ३५. ज्ञानबहादुर बम्जन | १,२९,०३,७१४ रुपैयाँ |
| ३६. हीरादेवी पुन | ७८,२६,३९४ रुपैयाँ |
| ३७. ईश्वर चालिसे | १,०४,९०,१४८ रुपैयाँ |
| ३८. कल्पना गिरी | १,०४,५४,७९४ रुपैयाँ |
| ३९. कल्पना सुवेदी | १,४५,०५,८७५ रुपैयाँ |
| ४०. कुन्दन थापा | १,१८,४१,९६९ रुपैयाँ |
| ४१. लक्ष्मण प्रसाद चापागाईं | ९३,८७,८१९ रुपैयाँ |
| ४२. लक्ष्मी कार्की | १,०७,८१,७२० रुपैयाँ |
| ४३. लिंका शाक्य | १,०३,९९,३२४ रुपैयाँ |
| ४४. लोकनाथ शर्मा | १,०९,८५,५९९ रुपैयाँ |
| ४५. महेश गुरुङ | ९८,६५,५८६ रुपैयाँ |
| ४६. ममता नेपाली | १,१२,५६,५४२ रुपैयाँ |
| ४७. मनिषा विक | १,०७,८५,४०० रुपैयाँ |
| ४८. मुना अधिकारी | १,१८,७१,३१५ रुपैयाँ |
| ४९. नवीन सुवेदी | ९०,११,३३७ रुपैयाँ |
| ५०. नीता थापा | १,०७,८९,५१५ रुपैयाँ |
| ५१. ओम प्रकाश गुरुङ | १,०७,११,०९० रुपैयाँ |
| ५२. पविना केसी | १,०५,६६,२२० रुपैयाँ |
| ५३. पार्वती राणा | १,०८,१४,५६५ रुपैयाँ |
| ५४. प्रगति श्रेष्ठ | १,०६,१४,२१५ रुपैयाँ |
| ५५. पुष्पा थापा | १,०५,५३,६६९ रुपैयाँ |
| ५६. रचना श्रेष्ठ | ८६,५६,१६८ रुपैयाँ |
| ५७. रेखा मिदुम | १,०७,१६,४०६ रुपैयाँ |
| ५८. रोशनी गुरुङ | १,२८,१७,८९८ रुपैयाँ |
| ५९. रुपा पुन | १,९५,१६,४३३ रुपैयाँ |
| ६०. सागर केसी | १,१७,५८,१३६ रुपैयाँ |
| ६१. समिता श्रेष्ठ | ८६,७०,१४१ रुपैयाँ |
| ६२. सञ्चिता गौतम | १,१२,३४,२७५ रुपैयाँ |
| ६३. सञ्जय डंगोल | ७९,२९,८२१ रुपैयाँ |
| ६४. सरद लुईंटेल | ७९,३३,०७६ रुपैयाँ |
| ६५. सरिता कार्की | १,०४,०६,६३७ रुपैयाँ |
| ६६. सोनी गुरुङ | ९९,९९,२७३ रुपैयाँ |
| ६७. सुबोध भट्ट | ७८,९५,७५८ रुपैयाँ |
| ६८. सुमन भण्डारी | ८४,०५,१५१ रुपैयाँ |
| ६९. सुनिता गुरुङ | १,१३,१७,९८१ रुपैयाँ |
| ७०. सुनिता पुन | १,०५,३२,५९४ रुपैयाँ |
| ७१. सुरज श्रेष्ठ | १,०६,४७,१४८ रुपैयाँ |
| ७२. सूर्या चुवाई | १,०५,०६,६७२ रुपैयाँ |
| ७३. सुस्मिता मानन्धर | १,६४,३४,३९७ रुपैयाँ |
| ७४. सुस्मिता शर्मा | १,०९,५०,७०१ रुपैयाँ |
| ७५. स्याण्ड्रिक राजभण्डारी | १,१०,९९,६६६ रुपैयाँ |
| **जम्माः** | ८३,३१,६८,६१९ रुपैयाँ |

*स्रोतः सानो पाइला सहकारी*

कारबाही गर्न सिफारिस गरेका थिए ।

वीरगंजका नगरप्रमुख सिंहले राई समूहलाई कारबाही सिफारिस गरेको समाचार खडेरीको आगो झैँ फैलिएपछि मुलुकका अन्य स्थानका सहकारीका बचतकर्ता जुरुक्क जुर्मुराए । राई समूहविरुद्ध प्रहरी, प्रशासन र अदालतमा मुद्दा हाल्न पुगे । फलस्वरुप राई नेपाल छाडेर भाग्ने स्थिति आयो, राईका केही विश्वासपात्रहरु पक्राउ परे । यसमा कुमार रम्तेललगायतका राईका सहयात्रीहरु छन् ।

वीरगंज महानगर प्रमुख सिंहको कारबाही सिफारिसका कारण अपराध लुकाउन प्रयोग हुने मिडिया हाउस ग्यालेक्सी फोरके टिभी मात्रै होइन, अदृष्य रुपमा हरेक कारोबारमा संकट आएपछि रवि लामिछानेसमेत जिबी राई समूहले सञ्चालन गरेको आर्थिक अपचलनको साम्राज्य ध्वस्त हुन थाल्यो र ध्वस्त भइछाड्यो ।

यति मात्र होइन, नेपालको सहकारीबाट रकम उठाएर मलेसिया र सिंगापुरमा सञ्चालन गरिएको व्यवसायको सञ्जाल पनि पूर्णरुपमा ध्वस्त भएको खबर छ ।

यसरी महानगरको एउटै पत्रले सारा ठगीधन्दा चौपट भएपछि रवि लामिछाने, युवराज कँडेललगायत राईको समूह नगरप्रमुख सिंहका पछाडि हात धोएर लागेका हुन् भने वीरगंजकै केही माफिया, धार्मिक माफियाले पनि सहकारीबाट चर्को मुनाफा र लिइएको सुनका असर्फी फिर्ता गर्नु पर्ने भयले राई समूहलाई नै साथ दिइरहेको खुलेको छ ।

मिडियाको काम सत्य पस्कनु हो ।

तर आफ्नो कुरालाई सत्य बनाउन नभएको कुरामा जनताको बकपत्र खोज्नु बकबास मात्र हो । जिबी राई समहूले आफ्ना र वीरगंजमै नभएकालाई लगानी गरेको ९३ करोड रुपैयाँ र साना पाइलामा बचत गर्नेहरुको आँसुबारे लेख्न सकेको छैन ।

नगरप्रमुख सिंहको व्यक्तिगत मानमर्दनमा अनेक शीर्षकमा ढेड दर्जन सामग्री बनाउने मिडियाले सहकारी पीडितका पक्षमा १८ शब्द खर्च गर्न सकेको छैन । के वीरगंजका सानोपाइला पीडित नागरिकमाथि भइरहेको लुट 'सिधा' देखिएकै हो त ? नदेखिएको हो भने हामीले सहकारीले लगानी गरेको ऋणको विवरण पुनः प्रकाशन गरेका छौँ, यो विवरण माघ ५ गते पनि प्रकाशन गरेका थियौँ ।

के यी वीरगंजकै ऋण हुन् ?

# ड्राइभिङ लाइसेन्सको नविकरण अवधि बढाउने तयारी

**मधेशदृष्टि**
**वीरगंज ।**
सरकारले सवारी चालक अनुमति पत्र (ड्राइभिङ लाइसेन्स) को नविकरण अवधिलाई बढाउने तयारी गरेको छ ।

त्यसका लागि सवारी तथा यातायात व्यवस्था ऐनमा संशोधन गर्न लागिएको छ । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले सवारी लाइसेन्सको अवधि बढाएर दश वर्ष बनाउने तयारी थालेको हो । सवारी तथा यातायात व्यवस्था विधेयकको मस्यौदा निर्माणको काम अन्तिम चरणमा पुगेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार सवारी तथा यातायात व्यवस्था ऐन–२०४९ लाई संशोधन गर्दै सवारी तथा यातायात व्यवस्था ऐन जारी गर्न लागिएको हो । सोही विधेयकमार्फत सरकारले हाल पाँच वर्ष रहेको सवारी चालक अनुमतिपत्रको नविकरण अवधि दश वर्ष हुनेगरी व्यवस्था लागू गर्न लागिएको हो ।

संशोधनसहितको विधेयकमा ठूला सवारी साधन चलाउनका लागि चालकको उमेर २३ वर्ष, मझौला तथा साना चार पांग्रे सवारी साधन चलाउन २१ वर्ष र दुई पांग्रे सवारी साधन चलाउन १८ वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था पनि गर्न लागिएको छ । योसँगै सरकारले जारी गर्न लागेको संशोधित विधेयकमा मोटरसाइकल वा अन्य दुई पांग्रे सवारी साधन चलाउँदा चालक र पछाडि बस्ने यात्रुले अनिवार्य रुपमा हेल्मेट लगाउनुपर्ने व्यवस्था पनि गरिएको छ ।

# 'सानो पाइला' विरुद्ध 'ठूलो एक्सन'मा...

प्रशासकीय अधिकृतलाई प्रतिवेदन बुझायो । प्रशासकीय अधिकृतबाट सानो पाइला सहकारी 'समस्याग्रस्त संस्था घोषणा'को प्रकृया अगाडि बढाउन तोकादेश भयो ।

वीरगंजका बचतकर्ताको रकम हिनामिना भएको थाहा पाएको महानगरले सानो पाइलालाई समस्याग्रस्त संस्था घोषणा किन नगर्ने ? नगर्नु पर्ने भए सोको कारण र प्रमाणसहित उपस्थित हुन राष्ट्रिय दैनिक पत्रिकामार्फत सार्वजनिक सूचना जारी गरेको थियो । महानगरको विभिन्न मितिको लिखित तथा मौखिक निमन्त्रणालाई लत्याएको सानो पाइलाले समस्याग्रस्त घोषणा हुने थाहा पाएपछि भने यसअघिको बैठकमा उपस्थित हुन नसकेकामा माफी माग्दै १५ दिनभित्र श्वेतपत्रसहित उपस्थित हुने भनेर 'समस्याग्रस्त घोषणा' नगरिदिन असार ५ गते लिखित अनुरोध गरेको थियो । यद्यपी सानो पाइलाले त्यसपछिको छलफलमा समेत उपस्थिति जनाए । सानो पाइलाको बेवास्तापछि महानगरले कारबाही प्रकृया अगाडि बढाएको थाहा पाएका गितेन्द्रबाबु राई (जिबी), कुमार रम्तेल, अश्रफ अली, मन्जीप क्षेत्री र नविन अछामीसमेतको उपस्थितिमा महानगर प्रमुखको कार्यकक्षमा छलफल भई सानो पाइलाको बचतको विवरण, ऋणको विवरण, नाम नामेसी एवम् रकम खुल्ने विवरण ३ दिनभित्र महानगरमा पेश गर्ने, २०८० साउन १५ गते भित्र सानो पाइलाको वित्तिय स्थिति खुल्ने श्वेतपत्र पेश गर्ने र १ लाख रुपैयाँ भन्दा तल बचत रहेको बचतकर्ताको रकम तत्काल फिर्ता गर्न सुरु गर्ने लिखित सहमति भयो ।

सहमतिअनुसार कुनै पनि काम सानोपाइलाबाट सम्पादन नभएपछि वीरगंज महानगरले २०८० भदौ ४ मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई सञ्चालकहरुको सम्पत्ति रोक्का गर्न, नेपाल राष्ट्र बैंकलाई सञ्चालकहरुको बैंक खाता रोक्का गर्न र केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) लाई व्यक्ति पक्राउ गरी कारबाही गर्न सिफारिस गऱ्यो । सम्बन्धित नियामक निकायले समेत तत्कालै सबै प्रकृया अगाडि बढाएपछि ग्यालेक्सी फोरके टिभी, सानो पाइला सहकारीलगायत दर्जनौँ कम्पनीको सञ्चालक रहेका जिबी राई फरार भएका हुन् । सानो पाइलाले वीरगंज महानगरको ५ वटा वडामा मात्रै कार्यक्षेत्र अनुमति पाएको भए पनि मेयर सिंहले कार्यभार सम्हाल्दा वीरगंज महानगरबाहेक पर्सा, बारा र रौतहटमा समेत काम गरिरहेको पाइएपछि कारबाहीका लागि सिफारिस गरिएको वीरगंज महानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेल बताउँछन् ।

# महिलाको बेवारिसे शव फेला



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं.१७ मा एक महिलाको बेवारिसे शव फेला परेको छ । अलौं स्थित हुलाकी राजमार्गको छेउको पोखरीमा नामथर ठेगाना नखुलेको अन्दाजी ६० वर्षीया महिला मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता डिएसपी कुमार विक्रम थापाले जानकारी दिए । शव फेला परेको जानकारी पाउने बित्तिकै खटिएको प्रहरी टोलीले घटनास्थलमा शवको मुचुल्का लगायतका प्रकृया पूरा गरी शव पोष्टमार्टमका लागि नारायणी अस्पतालमा पठाएको छ । शव बारे थप अनुसन्धान भईरहेको प्रहरी प्रवक्ता डिएसपी थापाले बताए ।

# वडा सचिवलाई मेयर सिंहको निर्देशन



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका नगर प्रमुख राजेशमान सिंहले महानगरका वडा कार्यालयको सेवा प्रवाह अझ चुस्त र सहज बनाउन ३२ वटै वडा कार्यालयका सचिवलाई निर्देशन दिएका छन् । मंगलबार महानगरपालिकाको सभाकक्षमा वडा सचिवसँगको बैठकलाई सम्बोधन गर्दै मेयर सिंहले वडा कार्यालयमा सेवा लिन आउने सेवाग्राहीको काम विना कुनै झञ्झट तत्काल गर्न निर्देशन दिएका हुन् । उनले वडा कार्यालयमा सुशासन कायम राख्न आग्रह गर्दै कार्यालय समय भित्र सबै कर्मचारी कार्यालयमा उपस्थित हुनुपर्ने अन्यथा कारबाहीको भागीदार बन्नुपर्ने चेतावनी समेत दिए । महानगरमा विकास निर्माणका कार्यसँगै सेवा प्रवाह चुस्त र सहज बनाउने अभियानमा आफू लागि परेको र यसमा कर्मचारीको तर्फबाट लापरवाही गरिएको भेटिए सह्य नहुने चेतावनी दिए । उनले भने, 'अहिलेपनि केहि वडा कार्यालयमा कर्मचारीबाट सेवाग्राहीले अनावश्यक झञ्झट खेप्नु परेको जनगुनासो आइरहेका छन्, यसतर्फ ध्यान दिएर सुधार गर्नुस् नगरे कारवाही भोग्न तयार भएर बस्नुस् ।' बैठकमा महानगरका प्रमुख प्रशासकीय अधिकृत मालिकाप्रसाद भट्टराई, सुशासन समितिका संयोजक प्रदीप चौरसिया, मेयर सिंहका प्रेस सल्लाहकार महेश दास लगायतको सहभागिता रहेको थियो ।

# गौरका मेयर साहको हत्या गर्न ३६ लाखको सुपारी !

**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौर नगरपालिकाका मेयर शम्भु साहको हत्या गर्न भारतीय सुटरलाई सुपारी दिएको रहस्य खुलेको छ । भारत सरकारको मस्ट वान्टेड सूचीमा रहेर नेपालमा समेत कैयौं घटनामा संलग्न रहेका भारतीय कुख्यात अपराधी सुटर चञ्चल पाण्डेले हत्याको सुपारी लिएको रहस्य खुलेको हो । पाण्डेलाई नेपाल प्रहरीको सहयोगमा भारतीय प्रहरीले पक्राउ गरेको छ । बारा कलैयामास्थित बाल एकता बोर्डिङ्का संचालक रुपेश स्वर्णकारको हत्यामा संलग्न भारतीय सुटर सुजित सिंह पक्राउ परेपछि गौरका मेयर साहको हत्या गर्ने योजनाबारे खुलासा भएको हो । गोली हानेर बारा प्रहरीले पक्राउ गरेको सुटर सिंहले प्रहरी समक्ष कुख्यात अपराधी चञ्चल पाण्डेले मेयर साहको हत्या गर्न सुपारी लिएको बताएको प्रहरी स्रोतले जनाएको छ ।

सिंहसँगको सोधपुछ पछि मुख्य योजनाकार चञ्चल पाण्डे देखिएपछि प्रहरीले उनको खोजी थालेको थियो । प्रहरी स्रोतका अनुसार भारतीय कुख्यात अपराधी पाण्डेले मेयर साहको हत्या गर्न ३६ लाखमा 'डिल' फाईनल गरेर १८ लाख रुपैयाँ लिइसकेको पक्राउ परेका सुटर सुजित सिंहले बताएका थिए । स्रोतका अनुसार नेपाल प्रहरीको सहयोगमा भारतीय प्रहरीले भारत बंगालको कृष्ण नगरमा लुकिछिपी बसेको अवस्थामा चञ्चल पाण्डे, मनिष सिंह र अर्का एकजनालाई गत पुस १० गते पक्राउ गरेको थियो ।



उनीहरूलाई ल्याउने क्रममा मुख्य आरोपी पाण्डे ट्रेनबाट हाम्फालेर भागेका थिए । मनिष सिंहमाथि भारतमै १३ वटा हत्या मुद्दा दर्ता रहेकाले उनी भारतीय प्रहरीको नियन्त्रणमा छन् भने अर्का एकजना निर्दोष देखिएकाले छुटेका थिए । मुख्य आरोपी चञ्चल पाण्डेलाई नेपाल प्रहरीको सहयोगमा भारतीय प्रहरीले गत माघ २८ गते भारत मध्यप्रदेश उज्जैनबाट पक्राउ गरेको बुझिएको छ । हाल उनी भारतीय प्रहरीको नियन्त्रणमा रहेको तथा नेपाल ल्याउने प्रयास भईरहेको प्रहरी स्रोतले जनाएको छ । पाण्डे नेपाल प्रहरीको नियन्त्रणमा आएपछि मात्र गौरका मेयर शम्भु साहको हत्या गराउन कसले रुपैयाँ दिने सम्झौता गरेको थियो खुलासा हुन्छ । यसैबीच भारत मोतीहारी जिल्लाका एसपी कान्तेस मिश्राले कुख्यात अपराधी चञ्चल पाण्डे मोतिहारी प्रहरीको हिरासतमा रहेको पुष्टि गरेका छन् । बारा प्रहरीको सहयोगमा पाण्डेलाई पक्राउ गरी नियन्त्रणमा लिएर प्रारम्भिक अनुसन्धान सुरु गरिएको मिश्रले बताएका छन् । गौर नगरपालिकाको मेयर शम्भु साहले घटनाबारे आफूलाई जानकारी रहेको अवस्थामा पनि सक्रिय रुपमा जनताको सेवामा लागिरहेको बताए । उनले वास्तविक षड्यन्त्रकारीबारे नेपाल प्रहरीले निश्चित रुपमा पता लगाउनेमा आफू पूर्ण विश्वस्त रहेको प्रतिक्रिया दिएका छन् ।

# वीरगंज–जीतपुर गौशालाको रिट खारेज



**मधेशदृष्टि**
**वीरगंज ।**
उच्च अदालत जनकपुर, अस्थायी ईजलास वीरगंजले वीरगंज–जीतपुर गौशालाको रिट खारेज गरिदिएको छ । जीतपुरसिमरा उपमहानगरपालिकाले आफ्नो मातहतमा गौशाला ल्याउन खोज्दा वीरगंज–जितपुर गौशालाका अध्यक्ष बिरेन्द्र कुमार संघाईले गत वैशाख २४ गते उच्च अदालतमा मुद्दा दायर गरेका थिए । माघ २९ गते उच्च अदालतका न्यायाधीश ऋषिराम निरौला र अर्जुन महर्जनको संयुक्त इजलासले उपमहानगरपालिका विरुद्धको निषेधाज्ञाको रिट खारेज गरिदिएको अधिवक्ता तथा उपमहानगरका कानुनी सल्लाहाकार विद्या कटुवालले जानकारी दिइन् । उपमहानगरपालिकाको कार्यालयको तर्फबाट अधिवक्ता विद्या कटुवाल, दामोदर पौडेल र श्याम बिहारी कुश्वाहाले बहस गरेका थिए । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफाको खण्ड १३ र दफा ११ को उपदफा २ को खण्ड ६ लाई टेकेर उपमहानगरका अधिवक्ताहरुले मुद्धा जितेका हुन् । दफा ११ को उपदफाको खण्ड १३ मा पशुपालन तथा स्वास्थ्य सम्बन्धि कार्य क्षेत्र स्थानीय तहलाई दिएको छ । त्यस्तै दफा ११ को उपदफा २ को खण्ड ६ मा स्थानीय तहका क्षेत्रभित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको जिम्मेवारी सम्बन्धित स्थानीय तहलाई प्रदान गरेको छ । अदालतले रिट खारेज गरेपनि यसको पूर्णपाठ आउँन बाँकी छ । वीरगंज–जीतपुर गौशालाको जग्गा समितिले हकभोग गर्दै आएको छ ।

# व्यस्त सडकमा 'रोड स्पीड ब्रेकर'



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको विभिन्न ५ स्थानको व्यस्त सडक खण्डमा 'रोड स्पीड ब्रेकर' अर्थात गति नियन्त्रक राखिएको छ । ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका कोषाध्यक्ष ज्योती रुंगटाको आर्थिक सहयोगमा आदर्शनगरको लोहार पट्टी चोक, मकालु चोक, माइस्थान चोक, ग्रीन सिटी चोक र एसबिआई बैंक अगाडीको सडकमा सवारी साधनको गति नियन्त्रण गर्न 'रोड स्पीड ब्रेकर' लगाईएको ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले बताए । कार्यक्रमको उद्घाटन गर्दै वीरगंज महानगरका मेयर राजेश मान सिंहले नगर क्षेत्रको सरसफाईसँगै सौन्दर्यकरण र सवारी साधनलाई व्यवस्थित रुपमा संचालनका लागि निजी क्षेत्रको साझेदारीमा सडकमा 'रोड स्पीड ब्रेकर' राखिएको बताए । कार्यक्रममा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्साल, सानुबाबु अधिकारी, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरीक्षक कुमार विक्रम थापा, प्रहरी निरीक्षक मनिषा लौडारी, ट्राफिक प्रहरी निरिक्षक भाष्कर खतिवडा, सशस्त्र प्रहरी निरीक्षक एसी बहादुर सुनुवार, समाजसेवी सुरेश रुंगटा, दिलिप राज कार्की लगायतको सहभागिता रहेको थियो ।

# नदी सरसफाइका लागि पदयात्रा आयोजना


फाइल फोटो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गेरुकाधाम नदी सरसफाइ तथा संरक्षण अभियानले 'संगमदेखि उद्गमको पदयात्रा' गर्ने भएको छ । अभियान सञ्चालन भएको एक वर्ष पूरा गरेको अवसरमा आउँदो शनिबार अभियानले गेरुकाधाम नदी संगमदेखि उद्गमसम्मको पदयात्रा गर्न लागेको हो । उक्त अभियान लोहारपट्टी नगरपालिका वडा नम्बर ४ गेरुकाधामदेखि भंगहा नगरपालिका वडा नम्बर १ सम्म हुने अभियानका संयोजक बृज किशोर यादवले जानकारी दिए । अभियानले एक वर्ष पूरा गरेकोमा अभियानमा जोडिएका अभियानकर्ता र विभिन्न संघसस्थाप्रति आभार व्यक्त गर्दै संयोजक यादवले प्रत्येक शनिबार सञ्चालन हुने सरसफाइ स्वच्छता अभियान कोशे ढुंगा सावित भएको बताएका छन् । गेरुका नदीमा जानकी मन्दिरका डोलासहित साधु सन्तद्वारा शाही स्नानको आयोजना तथा विशेष धार्मिक अनुष्ठानमा अभियानकर्ताले पुर्याएको योगदान अतुलनीय भएको संयोजक यादवको भनाइ छ ।

# गान्धीदेखि बुद्धसम्म शान्ति अभियानको शुभारम्भ




**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व समुदायलाई सामाजिक न्याय र शान्तिको सन्देश दिन आजदेखि शान्ति पद यात्राको शुभारम्भ हुने भएको छ । गान्धीदेखि बुद्धसम्म शान्ति यात्राबारे मंगलबार वीरगंजमा आयोजित पत्रकार सम्मेलनमार्फत आयोजक संस्थाहरुले जानकारी गराएका हुन् । एकता परिषद् भारत, राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल एकता महिला समाज र समुदायिक आत्मनिर्भर केन्द्रको संयुक्त आयोजनामा आजदेखि शान्ति पद यात्राको शुभारम्भ गरिने पत्रकार सम्मेलनमा जानकारी दिइएको थियो । शान्ति पद यात्रामा बिहारको रक्सौलदेखि वीरगंजको परवानीपुरसम्म पैदल यात्रा गर्ने कार्यक्रम तय भएको छ । पैदल यात्रामा २ सय जना भन्दा बढीको सहभागिता रहने छ । त्यसपछि परवानीपुरबाट सवारी साधनबाट काठमाडौँ पुगेर त्यहाँ पनि पद यात्रा गर्ने कार्यक्रम रहेको आयोजक संस्थाले जनाएको छ । शान्ति अभियान ५ दिनसम्म जारी रहने छ । काठमाडौँमा हुने विश्व सामाजिक मञ्चको १६ औं संस्करणमा हजारौं अभियानताहरु सहभागि हुने एकता परिषदका अध्यक्ष रणसिंह परमारले बताए । उनका अनुसार यस अभियान अन्तर्गत भूमि, जीवकोपार्जन र आवासदेखि शान्तिपूर्ण र अहिंसात्मक समाज निर्माण सम्बन्धमा ७ वटा कार्यशाला र सेमिनार गरिनेछ ।

# आजदेखि एक महिना 'वीरगंज फुटवेयर एक्स्पो'

**मधेशदृष्टि**
**वीरगंज ।**
'स्वदेशी उत्पादनको प्रवर्द्धन' गर्ने उद्देश्यका साथ वीरगंजमा जुत्ता–चप्पल व्यापार मेला सुरु हुने भएको छ । मंगलबार वीरगंजमा आयोजित पत्रकार सम्मेलनमा जुत्ता–चप्पल व्यापार मेला समितिले आजदेखि 'दोस्रो वीरगंज फुटवेयर एक्स्पो २०८०' को आयोजना हुने जनाएको हो । एक महिनासम्म लाग्ने मेलामा नेपाल र भारतका करिब २ लाख भन्दा बढी उपभोक्ता एवम् ग्राहकले अवलोकन गर्ने आयोजकको दाबी छ । मेलामा करिब तीन करोड रुपैयाँ बराबरको कारोबार हुने र ३५ देखि ४० हजार जोडी जुत्ता चप्पल बिक्री गर्ने लक्ष्य रहेको आयोजकको भनाई छ । वीरगंजको लालबंगला परिसरमा लाग्ने मेलामा विभिन्न १३ वटा कम्पनीका ६० भन्दा बढी स्टल रहने मेला समितिका संयोजक सुरज बन्जाडेले जानकारी दिए । मेलामा हरेक जुत्ता–चप्पल खरिदमा १५ देखि ५० प्रतिशतसम्म छुट हुने बन्जाडेको भनाई छ । 'स्वदेशी उत्पादनको प्रवर्धन, हाम्रो अभियान' भन्ने नाराका साथ मेलामा नेपालमा उत्पादित नेपाली जुत्ता चप्पल बिक्री वितरण गर्न र उपभोक्तालाई नेपाली उत्पादनको बारेमा जानकारी दिने लक्ष्य रहेको संयोजक बन्जाडेले बताए । एक्स्पोमा हाईलाइफ, शु ल्याण्ड, बेली, बोस शुज, भेनस, सिल्स, वन वल्र्ड, शिखर, पि.जी.शुज, बेम्बो शुज, हिमान, हिमानी लगायतका ब्राण्डका उत्पादित जुत्ताचप्पल बिक्रीको लागि राखिने उनले जानकारी दिए । स्वदेशी उद्योगलाई प्रवद्र्धन गर्नुको साथै सस्तो मुल्यमा स्तरीय फुटवेयर उपलब्ध गराउने उद्देश्यले मेला आयोजना गरिएको मेला सञ्चलक समितिका सदस्य एवम् बेम्बो शु का सविन कार्कीले बताए । आज विहान ११ बजे वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले एक्स्पोको उद्घाटन गर्नेछन् ।

# आश्रममा फलफूल वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
योङ्ग कम्युनिष्ट लिग (वाइसिएल) ले वीरगंजस्थित मानव सेवा आश्रममा फलफूल वितरण गरेको छ । २९ औं जनयुद्ध दिवसको अवसरमा वाइसिएल पर्साले आश्रम वीरगंज शाखाको संरक्षणमा रहेका असहाय र असक्तहरुलाई फलफूल वितरण गरेको हो । मंगलबार वाइसिएल पर्साका संयोजक दिपेन्द्र सिंह पटेलको नेतृत्वमा वाइसिएलका नेता तथा कार्यकर्ताहरुले आश्रममै पुगेर त्यहाँ रहेका असहाय र असक्तहरुलाई सुन्तला, केरा, अंगुर लगायतका फलफूल वितरण गरेका हुन् । माओवादी जनयुद्धको सुरुवात गरिएको २९ औं वर्ष पुगेको अवसरमा पार्टी र भातृ संगठनहरुले देशभर विभिन्न कार्यक्रम मनाइरहेका बेला वाइसिएल पर्साले सामाजिक सेवा गर्ने उदेश्यले मानव सेवा आश्रम वीरगंज शाखामा पुगेर त्यहाँ रहेका बृद्धबृद्धा, असहाय, असक्तहरुलाई फलफूल वितरण गरेको वाइसिएल पर्साका संयोजक पटेलले बताए । आश्रममा अहिले असहाय, असक्त गरी ६७ जना रहेको आश्रमका मधेश प्रदेश संयोजक देवेश गुप्ताले जानकारी दिए ।

*शिक्षा भनेको भविष्यको लागि पासपोर्ट हो ।*
*आज राम्रो गर्नेहरुको नै भविष्य राम्रो हुन्छ ।*
*– माल्कोम एक्स*

# सरस्वती पूजा र पुस्तक दिवस

## सम्पादकीय

## जनप्रतिनिधिबाट नै अदालतको अवहेलना

*आजभन्दा एक वर्षअघि अर्थात् २०७९ साल माघ २९ गते नेकपा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको मन्त्रिपरिषद बैठकले फागुन १ गते जनयुद्ध दिवसका रुपमा मनाउन सार्वजनिक विदा दिन निर्णय गर्यो । सोही निर्णय अनुरुप अघिल्लो वर्ष फागुन १ मा सार्वजनिक विदा दिइयो । तर, पछि सरकारको उक्त निर्णयविरुद्ध केही द्वन्द्वपीडितहरुले सर्वोच्चमा रिट दायर गरे । सोही रिटमा सर्वोच्च अदालतले फागुन १ गते जनयुद्ध दिवसका नाममा सार्वजनिक बिदा दिने सरकारको निर्णयलाई उल्ट्याइदियो । सर्वोच्च अदालतले फागुन १ गते जनयुद्ध दिवस मनाउने सरकारको निर्णयलाई संविधानको मर्म र भावना विपरीत भएको ठहर गर्यो । संविधानको अन्तिम ब्याख्याता सर्वोच्च अदालत हो, सर्वोच्चको आदेश सबैका लागि बाध्यकारी हुन्छ । तर, अदालतको अवहेलना गर्ने काम निर्वाचित जनप्रतिनिधिबाट नै भयो । फागुन १ गते, मंगलबार रुकुमपश्चिम, रोल्पा, जाजरकोट, धादिङ, सिन्धुपाल्चोक, उदयपुरलगायतका केही जिल्लाका स्थानीय सरकारले जनयुद्ध दिवसको विदा दिएर अदालतको आदेशको अवज्ञा गरेका छन् ।*

*जनयुद्ध दिवसका दिन सार्वजनिक विदा दिने सरकारको निर्णय अदालतले उल्टाइदिएको र त्यसका बारेमा थप प्रष्ट पार्दै स्वयम माओवादी केन्द्रले सम्हालेको तालुकदार गृह मन्त्रालयले समेत एक दिन अघि फागुन १ सार्वजनिक विदा नभएको प्रष्ट पारेको थियो । तर, सर्वोच्चको आदेश र गृहको सकुर्लरलाई समेत वेवास्ता गर्दै माओवादी पार्टीबाट निर्वाचित जनप्रतिनिधि भएका केही पालिकाहरुले सार्वजनिक विदा दिएर विधीको शासनको धज्जी उडाइदिए । स्थानीय सरकारले सर्वोच्चको आदेशको पालना नगरी लोकतान्त्रिक शासन व्यवस्थाकै अपमान गरिदिए । अझ, सरकारको नेतृत्वकर्ता दलका जनप्रतिनिधि भएको स्थानीय सरकारले अदालतको आदेशलाई नमान्नुले स्वयम सरकार विधीको शासनका विरुद्ध त छै, भन्ने गम्भीर प्रश्न उब्जिएको छ । के अदालतको आदेश सबै नागरिकका लागि समान होइन ? के सत्तामा भएकाहरुले अदालतको आदेश मान्नु पर्दैन ? के उनीहरुका लागि अदालतको आदेश बाध्यकारी हुँदैन ? अदालतको आदेशको पालना नगरी अराजकता निम्त्याउने यो शैली आपत्तिजनक र व्यवस्था विरोधी हो । शासन सत्ता हातमा लिएकाहरुले कानुनको पालना नगर्नु लोकतन्त्रका लागि झनै चिन्ताको विषय हो ।*

*संविधानको सफल कार्यान्वयन र विधीको शासन स्थापित गर्नका निम्ती केन्द्र सरकारदेखि स्थानीय सरकार सबैभन्दा बढी जिम्मेवार हुनुपर्छ । संविधान र कानुनको कार्यान्वयनका लागि अन्य निकाय र नागरिकलाई समेत जोडेर अघि बढ्नुपर्ने दायित्व पनि तीन तहकै सरकारको हो । लोकतान्त्रिक शासन व्यवस्थामा विधीको शासन केवल सर्वसाधारणका लागि मात्र हुने तर, जिम्मेवार व्यक्ति त्यसको पालना नगर्ने परम्परा स्थापित गर्न खोज्नु कदापि स्वीकार्य हुँनै सक्दैन । यस्तो अवस्थामा संविधानको अन्तिम व्याख्याता भनेको सर्वोच्च अदालतको अवहेलना गर्ने जोसुकै पनि सजायको मागिदार बन्नुपर्छ । भलै, जनयुद्धका बारेमा त्यसको नेतृत्वकर्ता र नागरिकले आ–आफ्नो तरिकाबाट मनाउने छुट छ, केवल संविधान र कानुनको परिधिमा रहेर मात्र ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com



सञ्जय साह मित्र

माघ महिनाको शुक्ल पक्षको पञ्चमी तिथिलाई अनेक नामले बोलाइन्छ। यो दिन हिन्दू संस्कृतिमा निकै महत्वपूर्ण दिन हो। यस दिनमा धेरै शुभ कार्य गर्न सकिने भएकोले धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले यस दिनलाई निकै शुभ मानिएको छ।



'पञ्चमी'मा अगाडि 'श्री' थपिएर यस दिनलाई 'श्रीपञ्चमी' भन्ने गरिएको छ । 'पञ्चमी' पनि 'पञ्चम' शब्दमा 'ई' प्रत्यय लागेर निर्माण भएको शब्द हो । 'पञ्चम' शब्दले 'पाँचौं' भन्ने अर्थ दिन्छ र 'पञ्चमी' बनेपछि पाँचौ दिन वा तिथिलाई चिनाउने गरेको रुढ अर्थ भइसकेको छ । 'श्री' शब्दले अनेक अर्थ दिन्छ । 'श्री' शब्दले 'कुनै महिमा वा गौरवको चिन्ह वा यश' भन्ने अर्थ दिन्छ । यसले 'ऐश्वर्य, सेलोखेलो धनसम्पत्ति' अर्थ दिने रहेको छ। 'धनकी प्रतीक लक्ष्मी' पनि 'श्री' शब्दले दिने अर्थ हो। 'नामको अगाडि लगाइने शुभ तथा आदरसूचक शब्द' को रुपमा 'श्री'को प्रयोग हुँदै आएको हो। 'श्री' शब्दले 'विद्या तथा गुणकी प्रतीक सरस्वती' अर्थ पनि दिन्छ। यसैले 'श्रीपञ्चमी' भन्नाले 'सरस्वती पञ्चमी' भन्ने अर्थ पनि आउँछ । 'श्री'को अर्थ 'विद्या, बुद्धि, सम्पन्नता, रुप, गुण आदिका शक्ति वा पूर्णताबाट झल्कने शोभा, कान्ति, दीप्ति' आदि पनि हुन्छ। 'श्री' शब्दले 'सजावट वा शृङ्गार' अर्थ पनि दिन्छ। 'श्री' शब्दलाई विचार गर्दा यसले हिन्दू संस्कृतिसित सम्बन्धित रहेर विभिन्न अर्थ दिएको देखिन्छ। यद्यपि 'श्री' शब्दले, नेपाली शब्दकोशअनुसार 'एउटा गुरु वर्णबाट एक पाउ बन्ने उक्ता जातका छन्दको एक भेद' पनि अर्थ दिन्छ तर यो पनि हिन्दू संस्कृतिको घेराभन्दा किन बाहिर जान सकेको छैन भने छन्दशास्त्रका जन्मदाता पिंगल हुन्। यस शब्दले दिने अर्को अर्थ हो –'औडव वर्गअन्तर्गत पर्ने, शास्त्रअनुसार सूर्यास्तपछि र विशेषतः हेमन्तऋतुमा गाइने एक रागको नाम'।

जनमानसमा श्रीपञ्चमीलाई सिरपचई भन्ने गरिन्छ । सिरपचई चाहिँ श्रीपञ्चमी शब्दकै अपभ्रंश हो। 'श्री' र 'पञ्चमी' दुवै शब्दलाई अलग अलग गरेर हेर्दा दुवै शब्द संस्कृतकै शब्द हुन्। दुई शब्द समास भएर एक शब्द बनेको हो । शिक्षितहरुले श्रीपञ्चमी र सामान्य नागरिकले सिरपचई नै भन्ने गरेका छन्। सिरपचई आफैँमा महत्वपूर्ण दिवस हो। मुख्य गरी बज्जिकाञ्चलमा सिरपचईको दिन सबै महादेव मन्दिरमा भव्य मेला लाग्दछ । मुख्य गरी किसानहरुले सिरपचईको दिन भगवानको विशेष पूजा गर्ने गर्दछन्। अन्यत्र सबैतिर मुख्य गरी महाशिवरात्रीमा भगवान शिवको विशेष पूजा हुने गर्दछ तर बज्जिकाञ्चलमा भने भगवान शिवको विशेष पूजा सिरपचईकै दिन हुने भएकोले जहाँ जहाँ शिवालय छ, त्यहाँ भव्य मेला लाग्ने गर्दछ । सिरपचईमा महादेवस्थलमा मेला लाग्ने चलन बज्जिकाञ्चलबाट अन्यत्र विस्तार भएको दाबी गरिएको छ भने अन्यत्रबाट महाशिवरात्रीको दिन शिवालयमा पूजा गर्ने चलन बज्जिकाञ्चलमा गर्ने चलन विस्तार भएको हुनुपर्छ। यसलाई यसरी पनि विचार गर्न सकिन्छ ः भगवान शिवको लोकपूजा बज्जिकाञ्चलवासीले सिरपचईको दिन परम्परागत रुपमा नै गर्ने गर्दछन् भने महाशिवरात्रीको दिन शास्त्रीय पूजा सबैका साथै बज्जिकाञ्चलवासीले पनि गर्दछन्। त्यसै पनि भगवान शिवको हरेक महिनाको हरेक पक्षको त्र्यादशी तिथिको दिन हुन्छ तर माघको शुक्ल पक्षको पञ्चमीको दिन बज्जिकाञ्चलमा शिवको पूजा हुनु यस क्षेत्रको एउटा सांस्कृतिक विशिष्टताको रुपमा रहेको मान्न सकिन्छ।

श्रीपञ्चमीको दिनको शास्त्रीय मान्यता यो पनि रहेको छ कि यस दिन विद्याकी देवी सरस्वतीको जन्म भएको हो । सरस्वतीको जन्म भएको दिन भएकोले यस दिनलाई सम्पूर्ण शिक्षालयहरुमा विशेष उत्सव हुन्छ । सबै किसिमको शिक्षालयसँग सम्बन्धितहरुले आफूलाई विशेष उत्सवमय बनाउन सक्रिय बनाउँछन् । औपचारिक रुपमा संस्था नै सक्रिय हुने समय हो। संस्था नै सक्रिय हुनुको अर्थ हो शिक्षासित सम्बन्धित हरेक संस्थाले करिब औपचारिक रुपमा सरस्वती जयन्ती मनाउनु । हाम्रो समाजमा सरस्वतीको पूजा मुख्य गरी शिक्षक, विद्यार्थीहरुले गर्ने गरेको पाइए पनि सबै किसिमका कलाकारहरुले नै यसलाई आफ्नो दिवसको रुपमा मनाउने गर्दछन् । हरेक सर्जक चाहन्छन् कि एउटा सिर्जना यस दिन सम्भव होओस् । आफ्नो सिर्जनालाई सरस्वतीको प्रतिमा वा भावका अगाडि समर्पण गर्न सकूँ र आशीर्वाद ग्रहण गर्न सकूँ। धेरै किसिमका सर्जक यस्ता छन् जो यस दिन केवल आफ्नो सिर्जनाको अगाडि आपm नो शिर श्रद्धाले निहुराउँछन् । श्रद्धाले भन्नुको अर्थ यो पनि हो कि आफ्नो सिर्जनाको सम्मान आफैँले गर्दछन् । साँच्चिकै सिर्जना नै यस्तो उत्पादन हो जसलाई उत्पादकलाई नै अविश्वसनीय बनाइदिन्छ । अविश्वसनीय श्रद्धा उमारिदिन्छ। आफ्नो सिर्जनाप्रति हाम्रो संस्कृतिमा देवताहरुले पनि सम्मान व्यक्त गरेको पाइन्छ । सम्मानको यो अभिव्यक्तिलाई फरक रुपमा नेवार समुदायमा पनि म्हः पूजाको रुपमा लिइन्छ। आफ्नो पूजा वा सम्मान आफैँले गर्ने, आफ्नो सिर्जनाको सम्मान आफैँले गर्नुको रहस्य यो पनि हो कि हामीले आफूले नै सम्मानको योग्य बनाउने हो । आफ्नो कर्म वा सिर्जनाले नै मानिस सम्मानयोग्य बन्दछ। अहमको नाममा घमन्डी बन्नु हुँदैन। सिर्जनाको नाममा विकृति ल्याउनु हुँदैन। हाम्रो संस्कारले सरस्वती पूजाको दिनलाई शिक्षालयदेखि सिर्जनालय वा कलालयसम्म पहुँच विस्तार गर्नुले यस दिनको अर्को महत्वलाई पनि स्पष्ट पारेको छ।

भनिन्छ, यस दिन शिक्षाको शुभारम्भको दिन हो। शिक्षाको शुभारम्भको अर्थ हो, यस दिनदेखि बालबालिकालाई अक्षरारम्भ गराइन्छ। अक्षर आरम्भ गराइने यस दिनलाई अघोषित शिक्षा दिवसको मान्यता प्राप्त छ। हाम्रो समाज र संस्कृतिमा अघोषित शिक्षा दिवस, अक्षराम्भ दिवस वा मानवको मनमा चेतनाको नयाँ दीपक बाल्ने दिवसको रुपमा विस्तार भएको पाइन्छ। यसमा कुनै दुई मत छैन कि यस दिन अक्षर सिक्न आरम्भ गर्दा नवसिकारुले भविष्यमा शिक्षाको क्षेत्रमा राम्रो गर्न सक्छ भन्ने विश्वास सर्वत्र व्याप्त छ। यो दिनप्रतिको श्रद्धा मात्र होइन, सबैमा रहेको विश्वास हो। अनि यही विश्वासलाई अझ दरिलो बनाउँदै शैक्षिक प्रतिष्ठानले यस दिन निशुल्क भर्ना खोल्दछन् । यस दिन बालबालिकालाई आफ्नो विद्यालयमा आकर्षित गर्न कतिपय निजी क्षेत्रका विद्यालयहरुले निकै प्रचार प्रसार गरेका हुन्छन्। प्रचार प्रसारमा लगानी त आफ्नै ठाउँमा छ, बालबालिका लिएर विद्यालयमा पुग्ने अभिभावकलाई सम्मान गर्दछन् । अझ कतिपय बालबालिकालाई पनि विद्यालयहरुले सम्मान गर्दछन्। धेरै अभिभावक यस दिन आफ्ना बालबालिकालाई चाहन्छन् कि पढ्न आरम्भ गरुन् । सम्भव हुँदा अलिकति आफैँ पनि सिकाउने अभ्यास गराउँछन्। कतिपयले कलम र कापी हातमा दिएर पढाउने प्रयास गर्दछन्। अझ सम्भव हुँदा कतिपय अभिभावकले आफ्नो बालबालिकाको लागि पहिलो गुरु यसै दिन बनाउँछन्। कतिपयले विद्यालयमा पठाउँछन् वा कतिपयले कुनै शिक्षकलाई घरमै बोलाएर अक्षर चिनाउन सुरुआत गर्न लगाउँछन्। यो चलन अहिलेसम्म कुनै न कुनै रुपमा कायम नै रहेको देखिन्छ । अहिलेसम्म समाजमा रहेको यस प्रकृत्तिलाई विचार गर्ने हो भने एउटा अनुमानसम्म लगाउन सकिन्छ कि सम्भवतः आदिकालमा गुरुकुलमा शिक्षाको प्रचलन हुँदा अभिभावकले आफ्ना सन्तानलाई शिक्षाको आरम्भ गराउन यसै दिनलाई रोज्दथे। सम्भवतः गुरुहरु पनि आजैको दिनदेखि नयाँ शिष्यलाई शिक्षा आरम्भ गराउँथे। यस दिनको अझै बढी सम्मान आदिकालमा रहेको थियो। र, सो समयमा नै सम्भवतः सरस्वती पूजाको प्रचलन चलेको हो। त्यसै वेलादेखि निरन्तर निरन्तरता पाउँदा आधुनिक शिक्षालयको स्वरुपसम्म आइपुग्दा पनि यो प्रचलनले विस्तार पाउँदै गएको देखिन्छ।

विद्यार्थी रहेकाले मनाउने तथा विद्यार्थी हुन पनि मनाउने श्रीपञ्चमी सबै किसिमले कलामा संलग्न सबैको साझा पर्व त हो नै । अक्षरसित खेलिरहने, अक्षर चलाइरहने, अक्षरसित नाता गाँस्ने साहित्यकारहरुको पनि यो दिन विशिष्ट महिमायुक्त हो। यसैले कतिपय साहित्यकारहरुले यस दिन वसन्त श्रवण पनि गर्न बिर्सन सक्दैनन् भने कतिपयले यस दिन पुस्तकको अध्ययन गर्दछन्। आजको दिनदेखि कतिपय साहित्यकारहरु साहित्य सिर्जना गर्न सुरु गर्दछन्। नयाँ किताब लेख्न पनि सुरु गर्ने साहित्यकारहरु छन्। अनि यस दिनलाई किन पुस्तक दिवस नमान्ने ? अनि यस दिनलाई पुस्तक दिवसको रुपमा मनाउन सुरु गरिएको हो। यो निकै राम्रो काम हो। यस दिन विद्यार्थीले पनि त पुस्तक, कापी र कलमको पूजा गर्दछन्। मूर्तिको पूजा मात्र गर्ने होइन । मूर्तिलाई सरस्वती मान्ने विद्यार्थीहरुले पुस्तकलाई पनि सरस्वतीको प्रतीक नै मान्ने गरेका छन् । सरस्वती माताको आशीर्वाद पुस्तकको माध्यमले पनि प्राप्त गर्न सकिन्छ भन्ने विश्वास विद्यार्थीहरुमा रहेको छ। यसलाई पुस्तकप्रतिको सचेतना पनि मान्न सकिन्छ । कुनै पनि विद्यार्थीले कहिल्यै पनि वा बिर्सेर पनि पुस्तकलाई खुट्टाले छुनु हुँदैन भन्ने मान्यता राख्दछन् । यो यत्तिसम्म रुढ भइसकेको छ कि बालबालिका मात्र होइन, विद्यालयमा जाने विद्यार्थी मात्र होइन, कुनै घरका प्रौढ मानिसले पनि पुस्तकको वरपर खुट्टा राख्ने हिम्मत गर्दैनन् । पुस्तकको सम्मान सबैतिर गरिने गरिएको पाइन्छ। यद्यपि पुस्तक दिवसलाई फरक किसिमले पनि मनाउन सकिन्छ।

पुस्तकबारे चेतनाको अभाव रहेको छ। आज पनि यस्ता धेरै मानिस छन् जसले केवल शिक्षा अध्ययन गर्ने समय अर्थात् विद्यालय र क्याम्पस पढ्ने बेलामा केही पुस्तक पढ्दछन् अनि शिक्षालयको अध्ययनको पुस्तक मात्र पढेका उच्च शिक्षितहरु प्नि रहेका छन्। शिक्षित मानिसहरु भनाउँदामध्ये यस्ता धेरै छन् जसले शिक्षार्जन वा नोकरीमा बढुवाको भन्दा बाहिरको पुस्तकको अध्ययन गर्दैनन्। हो, यस्ता मानिसलाई सबै किसिमको तर्क आउँछ तर कुनै विषयमा केन्द्रित रहेर आधिकारिक कुरा गर्न खोज्यो भने गर्न चाहँदैनन् वा सक्दैनन्। यस्ता धेरै शिक्षित मानिसहरु छन्, पुस्तकको अध्ययन के हो र पुस्तकको अध्ययन किन गरिन्छ वा किन गर्नुपर्छ भन्ने थाहा छैन। यदि कसैको हातमा पुस्तक देख्यो भने आश्चर्य मान्ने मानिसहरु रहेका छन्। अनि पुस्तकको अध्ययनमा लागेको समयलाई बेकारमा मान्दछन्, पुस्तकको खरिदमा लागेको खर्चलाई बेकारमा खर्च भएको मान्दछन्। पुस्तक पढेर केही हुन्छ र ? बरु केही खाए जिउमा लाग्छ । हुन त मधेश प्रदेशमा निरक्षरता बढी नै छ। निरक्षरता बढी हुनुको अर्थ हो कि शिक्षाको अवस्था कमजोर हुनु। गरिबी पनि धेरै नै छ। गरिबी र अशिक्षा दुवै हुँदा त्यहाँ साहित्यिक पुस्तकको मूल्य कति नै हुन्छ समाजमा ? समाजमा पुस्तकको महत्व बुझ्ने नै निकै कम हुनु र अझ साहित्यिक कृतिको अध्ययन अझ कम हुने अवस्थामा पुस्तक दिवस मनाउनु परेको छ। यसले यो पनि जोडिन आउँछ कि सरस्वती पूजा तथा पुस्तक पूजा वा पुस्तक दिवस एकासमा खप्टिएको भए पनि पुस्तकको पूजा गर्नेले केवल पूजा आफ्नो कक्षाको ज्ञानको लागि गर्दछन्। पुस्तकसित नाता जोड्न वा जोडिरहन चाहँदैनन् । पुस्तकसित नाता जोड्नु अत्यन्त उचित हुन्छ भन्ने बोध नभएको समाजमा शिक्षालाई बुझेकाहरुले यस चेतनालाई पनि विस्तार गर्नु परेको छ कि चेतनाको विस्तारमा पुस्तक अध्ययनको पनि विशेष भूमिका रहन्छ। पुस्तक अध्ययनले श्रेष्ठ जीवन व्यतीत गर्न र ज्ञानले जीवनको पथलाई उज्यालो बनाउने दिशामा अग्रसर गराउँछ । पुस्तकले जीवनका जटिलतालाई सहजतामा रुपान्तर गर्न सक्छ वा तनावलाई व्यवस्थापन गर्न सक्छ।

सरस्वती पूजा र पुस्तक दिवस एक अर्काका पूरक हुनुपर्छ। यस दिनले पुस्तक प्रेम बढाउनु पर्छ। पुस्तकले सरस्वती पूजा पनि गरेको मानिनु पर्छ। पुस्तक पठनको संस्कृतिमा विस्तार हुनुपर्छ । पुस्तकले मनको भाव खोल्नुपर्छ र मनले पनि पुस्तकको अध्ययन गर्नुपर्छ। साँच्चिकै पुस्तकको जगजगी बढ्नु भनेको ज्ञानको जगजगी बढ्नु हो । यस अर्थमा पुस्तकको अध्ययन गर्ने संस्कारको विकासमा पनि ध्यान दिनुपर्छ। जसले आफूलाई बुद्धिजीवी भन्दछन्, तिनले कुन पुस्तक अध्ययन गर्दैछन् ? तिनले पनि पुस्तकको महत्व बढाउन वा पुस्तक दिवसलाई सार्थक बनाउन, ज्ञानको बाटो फराकिलो बनाउन योगदान दिनुपर्छ, अरुलाई पनि पुस्तक अध्ययनमा आकर्षित गर्नुपर्छ जसले ज्ञानार्जन पनि हाम्रो संस्कार र संस्कृति बनोस्।

# युद्धका सहयात्रीलाई एकताबद्ध हुन प्रचण्डको अपिल



**रासस**
**काठमाडौँ ।**
नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले जनयुद्धमा योगदान दिने सम्पूर्ण परिवर्तनका पक्षधरलाई एकताबद्ध हुन अपिल गरेका छन् । जनयुद्ध दिवसको सन्दर्भ पारेर माओवादी केन्द्रले मंगलबारदेखि राजधानीमा आयोजना गरेको प्रथम विधान सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै उनले परिवर्तनका लागि बलिदान गर्ने योद्धालाई आरोपित गर्ने अधिकार कसैसँग पनि नभएको उल्लेख गरे । सबै क्रान्तिकारी एकताबद्ध हुने राम्रो अवसर भएको उल्लेख गर्दै अध्यक्ष दाहालले भने, 'एकै मोर्चा र केन्द्रमा एकताबद्ध गर्न आग्रह गर्दछु । ढिलो नगरौँ, समीक्षा गरौँ, नयाँ लहर सिर्जना गरौँ । माओवादी युद्धका सहयात्रीहरु आउनुहोस् । यो मोर्चालाई एकताबद्ध गरौँ ।'
सामाजिक न्याय र सुशासन कायम गरेर अगाडि बढ्ने अवसर भएको भन्दै उनले सङ्कल्प गर्ने यस दिनमा सबै एकताबद्ध हुन अपिल गरे ।
जनयुद्ध नेपालको इतिहासको दूरगामी महत्वको रहेको र आगामी दिनमा पनि रहने विश्वास व्यक्त गर्दै अध्यक्ष दाहालले नेपालमा जनयुद्ध सम्भव छ भन्ने निष्कर्षसहित आफूहरु अगाडि बढेको तथा सोहीअनुसार जनताले अभियानमा सहयोग प्रदान गरेको बताए ।
जनयुद्धको दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष एवं उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठले सरकारले जनयुद्ध दिवस मनाउन बिदा दिएको भए पनि अदालतको निर्णयलाई स्वीकार गर्नुपरेको यथार्थ सुनाए । सरकारले बिदा नदिए पनि क्रान्तिकारीहरुले यस बिदालाई भव्यरुपमा मनाउने उल्लेख गर्दै उनले यस दिनलाई उच्च सम्मान गर्नुपर्ने बताए । 'नेपालको ऐतिहासिक परिवर्तनमा मुख्य र निर्णायक भूमिका प्रचण्डको नेतृत्वमा सम्पन्न भएको जनयुद्ध नै थियो भन्ने कुरामा कुनै विवाद छैन, विवाद पनि गर्न हुँदैन', उपाध्यक्ष श्रेष्ठले भने, 'शान्ति प्रक्रिया अगाडि बढाउने क्रममा अध्यक्ष प्रचण्डकै नेतृत्वमा भएको र यसले नेपाली समाजलाई रुपान्तरण गरेको छ, उहाँकै दूरदृष्टिअनुसार जनयुद्धले गणतन्त्र स्थापना भएको हो ।' संघीय लोकतान्त्रिक गणतन्त्रमा मात्र हाम्रो लक्ष्य नभएको उल्लेख गर्दै उपाध्यक्ष श्रेष्ठले शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गरेर समाजवादउन्मुख लोकतान्त्रिक गणतन्त्र दिशामा अगाडि बढ्नु पार्टीको मूल लक्ष्य हुनुपर्ने बताए ।
समाजवादको नयाँ आधार तयार पार्नका लागि सबै क्रान्तिकारी शक्तिलाई एकताबद्ध गरेर अगाडि बढाउनुपर्नेमा जोड दिँदै उनले राष्ट्रिय सार्वभौमिकता, प्राप्त उपलब्धिको रक्षा, सुशासनसहितको समृद्धि र शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्नु नै अबको कार्यभार भएको बताए ।


**बीस समूह बनाएर छलफल**

राजधानीमा मंगलबारदेखि सुरु भएको नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को प्रथम विधान अधिवेशनमा २० समूह बनाएर छलफल थालिएको छ ।
सहभागीमध्येबाट एक समूहमा ५० देखि ५५ जना छुट्टयाइएर विधान मस्यौदमा छलफल प्रारम्भ गरिएको महासचिव देवप्रसाद गुरुङले जानकारी दिए । बुधबार अपराह्न १ बजेसम्म छलफल गरी आफ्नो समूहको निष्कर्ष अधिवेशनमा प्रस्तुत गर्नुपर्ने उनले जानकारी दिए । बीसवटै समूहबाट प्राप्त सुझावका आधारमा विधानलाई अन्तिमरुप दिइनेछ । तीन दिनसम्म सञ्चालन हुने सम्मेलनमा एक हजार दुई सयभन्दा बढी प्रतिनिधिको सहभागिता छ । सम्मेलनमा केन्द्रीय सदस्य, वैकल्पिक केन्द्रीय सदस्य, तीन केन्द्रीय आयोगका सदस्य, सात भौगोलिक र तीन गैरभौगोलिक प्रदेशका पदाधिकारी तथा जनवर्गीय सङ्गठनका पदाधिकारीको सहभागिता छ । पार्टीलाई व्यवस्थितरुपमा सञ्चालनका निम्ति आवश्यक विधान बनाउन सम्मेलन आयोजना गरिएको माओवादी केन्द्रले जनाएको छ ।
पार्टीले विधानको मस्यौदा तयार गर्न उपाध्यक्ष पम्फा भुसालको संयोजकत्वमा विधान मस्यौदा समिति गठन गरेको थियो । सो समितिमा महासचिव देवप्रसाद गुरुङ, उपमहासचिव गिरिराजमणि पोखरेल, वर्षमान पुन र जनार्दन शर्मा, सचिव सुरेन्द्र कार्की र गणेश साह सदस्य थिए ।
समितिले गत पुस २७ गते पार्टी अध्यक्ष दाहाललाई विधानको मस्यौदा बुझाएको थियो । प्रस्तावित विधानमा गत माघ २६ र २७ गते पार्टीको स्थायी समिति बैठकमा छलफल भएको थियो । गत भदौ १६ देखि पुस १७ गतेसम्म सञ्चालित पार्टी रुपान्तरण अभियानको समीक्षा गर्न आइतबार र सोमबार भएको केन्द्रीय समितिको बैठकमा विधान सम्मेलनको तयारीबारे पनि छलफल भएको थियो ।
छलफलमा सहभागी केन्द्रीय सदस्यले विधानको मस्यौदालाई सङ्क्षिप्त र कार्यान्वयनयोग्य बनाइनुपर्ने तथा पार्टीको संरचनालाई चुस्त बनाइनुपर्नेमा जोड दिएका थिए ।




# 'मुलुकको स्थायित्वका लागि कार्यकारी राष्ट्रपति आवश्यक'

*'अहिले मन्त्रिपरिषदमा विषयविज्ञ व्यक्तिको अभाव छ । एउटा राजनीतिज्ञ मन्त्री भएर मन्त्रालयमा प्रवेश त गर्छ तर सम्बन्धित विषयमा अनभिज्ञता देखियो । हामी राजनीतिज्ञमा पनि म मन्त्री भइसकेको भन्ने अहङ्कार बढेको छ । म सांसद भइसकेको छु भन्ने अहङ्कार छ । यो अहङ्कारले हाम्रो ज्ञानलाई रोकेको छ । जुन क्षेत्र हो त्यो क्षेत्रको विज्ञ मान्छेलाई अवसर दिने, मन्त्रालयका सचिव पनि विषयगत राख्न सकिए परिणाम भिन्न हुन्छ ।'*
***महेन्द्रबहादुर शाही, प्रतिनिधिसभा सदस्य***



**रासस**
**नेपालगञ्ज ।**
मुलुकको राजनीतिक प्रणालीका विषयमा नेकपा (माओवादी केन्द्र)ले संविधान लेखनका क्रममा आफ्नो दृष्टिकोण स्पष्ट गरेको थियो । अर्थात् मुलुकको स्थायित्व र विकासका लागि माओवादीले अघि सारेको कार्यकारी राष्ट्रपतिको व्यवस्था सही रहेको विषय अहिले पुष्टि हुँदै गएको छ । कम्तीमा पाँच वर्ष सत्ता सम्हाल्ने व्यवस्था जरुरी भइसकेको छ, यसबाट मात्र देशमा राजनीतिक स्थिरता आउँछ र देश बन्न सक्छ । अहिलेको अवस्थामा छ महिना, एक वर्ष वा दुई वर्ष पनि सरकार नटिक्ने स्थिति छ । आफैँले अघि सारेका दृष्टिकोण वा कार्यक्रम पूर्ण कार्यान्वयन गर्न सक्ने अवस्थामा सरकार देखिन्न ।
तीव्र विकास र आर्थिक समृद्धिमा जोड दिने, रोजगारी सिर्जना गर्ने, नागरिकलाई आर्थिक हिसाबले सम्पन्न बनाउने, जनताले खोजेको सामाजिक न्यायसहितको सुशासनको कुरामा जोड दिने, भ्रष्टाचार नियन्त्रण गर्ने, सामाजिक न्याय स्थापित गर्ने, भौगोलिक उत्पीडन समाप्त पार्ने, दलित समुदायमाथिको उत्पीडन हटाउनेजस्ता अनेकन काम गर्नुपर्ने चुनौती हामीबीच छ । यस्ता ज्वलन्त समस्याको सम्बोधन र समाधानका लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति वा राष्ट्रप्रमुखको आवश्यकता छ ।
हामीले स्वीकार्नुपर्छ, नेपालको संविधानमा अझै पनि त्रुटि छन् । निर्वाचन प्रणालीमा पनि सुधारको खाँचो छ । कार्यकारी राष्ट्रपतिलाई सरकार गठनमा स्वतन्त्र राख्न सकिए देशमा स्थायित्व सिर्जना हुन्छ र विज्ञहरूको अग्रसरतामा अनेकन सुधारका कार्यहरू गर्न सकिन्छ भन्ने लाग्छ । उदाहरणका लागि, सञ्चारको क्षेत्रमा सूचना प्रविधि विषय पढेको व्यक्तिलाई जिम्मेवारी दियौँ भने त्यसले देखिनेगरी सुधार ल्याउन सक्छ । कृषि विषेशज्ञलाई कृषिमन्त्री बनायौँ भने कृषिमा सुधार आउन सक्छ । अहिले मन्त्रिपरिषद्मा विषयविज्ञ व्यक्तिको अभाव छ । एउटा राजनीतिज्ञ मन्त्री भएर मन्त्रालयमा प्रवेश त गर्छ तर सम्बन्धित विषयमा अनभिज्ञता देखियो । हामी राजनीतिज्ञमा पनि म मन्त्री भइसकेको भन्ने अहङ्कार बढेको छ । म सांसद भइसकेको छु भन्ने अहङ्कार छ । यो अहङ्कारले हाम्रो ज्ञानलाई रोकेको छ । जुन क्षेत्र हो त्यो क्षेत्रको विज्ञ मान्छेलाई अवसर दिने, मन्त्रालयका सचिव पनि विषयगत राख्न सकिए परिणाम भिन्न हुन्छ ।
अमेरिकी राष्ट्रपतिको जस्तै पाँच वर्षसम्म मन्त्री, उच्चपदस्थ कर्मचारीको सेट बनाएर रातदिन काम गर्न सकिन्छ र त्यसले छोटो अवधिमै देशको विकास गर्न सक्छ ।
अहिले हामी एक किसिमको संसदीय अभ्यासमा छौँ । तर चुनावमा यति धेरै विकृति किन पैदा भयो ? चुनाव जितेपछि सबै माननीयको सपना भनेको मन्त्री बन्ने छ । ठूलो रकम खर्चेर चुनाव जितेपछि मन्त्री बन्न होडबाजी हुने नै भयो । यसकारण पनि चुनाव महँगो भयो । सांसदको भूमिका भनेको त संविधान निर्माण, संशोधन वा कानुन निर्माण गर्ने, राष्ट्रियतामाथि कुनै आँच आउने काम भए त्यसको खबरदारी गर्ने, जनसरोकारका विषयमा काम भएको छ वा छैन, सरकारले प्रभावकारी काम गरेका छ वा छैन यसको निगरानी गर्ने, नियमन गर्ने हो ।
अहिले संसद्ले आफ्नो तोकिएको भूमिका सफलतापूर्वक निर्वाह गर्न सकिरहेको छैन । विडम्बना नै भन्नुपर्छ, संसद् चलेको बेला कुर्सीहरू सबै खाली देखिन्छन् । आफ्नो दायित्व के हो ? महत्व के हो ? भूमिका के हो ? भन्ने सांसदले बुझ्न सकेनन् भने यसबाट परिणाम आउन सक्दैन । सरकारको कुरामात्रै होइन, संसद्ले पनि परिणाम निकाल्न सकेन । झण्डै सात वर्ष हुन लाग्यो, संसद्ले संविधानले परिकल्पना गरेबमोजिमका धेरैवटा सङ्घीय कानुन बनाउन सकेको छैन । संसद्को लागि त्यत्रो पैसा खर्च भएको छ । हामीले हाम्रो भूमिका निर्वाह गर्न सकिरहेका छैनौँ । यसैले यस्ता प्रकारका तमाम समस्या आउनु भनेकै संविधानमा रहेका त्रुटि वा कमी हुन् । यसलाई अविलम्ब संशोधन गरेर समस्याको हल खोज्नुपर्छ । मिनी संसद्को रूपमा रहेका संसदीय समितिका बैठकहरू पनि कोरम नपुगेर, बहुमत नपुगेर टुङ्गिएका छन् । समितिलाई पनि काम गर्ने जुन अख्तियारी दिइएको छ त्यो अख्तियारी पूरा गर्ने मामलामा पनि समस्या छ । हस्तक्षेपकारी भूमिका छैन, निरीहजस्तो देखिएको छ । हामीले भनेको कहाँ मान्छन् वा कहाँ सुन्छन् भन्ने अभिव्यक्ति सुनिन्छ, यसले समिति नै कमजोर भएको देखाउँछ । कमजोर समितिले केही काम गर्न सक्दैन । शक्तिशाली भूमिका निर्वाह गर्ने कुरामा समितिको कहीँ न कहीँ समस्या देख्छु ।
म कालिकोट जिल्लाबाट निर्वाचित भएको हुँ । कालिकोट जिल्ला मानव विकासको सूचकाङ्कमा कमजोरमा एक नम्बरमा आउँछ । भौतिक पूर्वाधारका हिसाबले पनि कालिकोट पछि परेको छ । कालिकोट चट्टान नै चट्टान भएको जिल्ला हो । त्यहाँ सडक बनाउन पनि विस्फोटक पदार्थले चट्टान फुटाउनुपर्छ । त्यसैले यहाँ सडकको अभाव छ । बल्ल एउटा करिडोरको काम गर्यौँ । त्यसबाहेक अहिले जनतालाई आफ्नो घरसम्म पुग्ने अर्को बाटो छैन । जिल्लामा राष्ट्रिय विद्युत् प्रसारणको लाइन त पुग्यो तर सीमित पालिकामा मात्रै पुगेको छ । यहाँ कछुवाको गतिमा काम भइरहेको छ । स्वास्थ्योपचारको सेवा पनि यहाँ सहजै प्राप्त गर्ने अवस्था छैन । एउटा पालिकामा विशेषज्ञसहितको एउटा अस्पताल बनाउन आवश्यक छ । किनभने अहिले कोही बिरामी भए बोकेर ल्याउनुपर्ने अवस्था छ । सरकारको नीति नै एक पालिकामा १५ शय्याको अस्पताल बनाउने रहेको छ । तर यो कार्यान्वयन हुनसकेको छैन, नारामा मात्रै सीमित भएको छ । त्यस्तै शिक्षाको समस्या पनि छ, टिनका टहरामा विद्यालय छन् ।
पूर्वाधार विकासको समस्यासँगै जिल्लाको सबैभन्दा ठूलो समस्या गरिबी हो । कालिकोटमा भएका स्रोतसाधनको उपयोगका लागि राज्यले नै लगानी गर्नुपर्ने आवश्यकता छ । जस्तै भेडापालन र बाख्रापालन गरेर आम्दानी बढाउन सकिन्छ । खानीका कुरा छन् । जलविद्युत् उत्पादनको सम्भावना व्यापक छ । गरिबीको अन्त्य कसरी गर्ने ? गरिबी कसरी घटाउने ? भन्ने विषयमा सोच्न जरुरी छ । कालिकोट खासगरी दलित समुदायको बाहुल्य भएको जिल्ला पनि हो । तथ्याङ्कले देखाएका छन्, उनीहरू नै बढी पीडित भइरहेका छन् । दलित समुदायका पक्षमा फरक कार्यकम र प्याकेज लिएर उनीहरुको जीवनस्तर सुधारमा ध्यान दिन जरुरी छ भन्ने लाग्छ । म आफैँ मुख्यमन्त्री हुँदा केही लगानी गरियो, अहिले दलित आयआर्जन कार्यक्रम, महिला आयआर्जन कार्यक्रम भनेर सबै पालिकामा लगिएको छ । तर यसका लागि बजेट न्यून छ । एउटा पालिकामा रु २५ लाखभन्दा बढी छैन । यस्तै प्रकारको लगानी सङ्घीय सरकार र प्रदेश सरकारबाट भयो भने गरिबी न्यूनीकरण गर्न मद्दत पुग्नेछ । एक घर एक धाराको नीति पनि छ । खानेपानी, सिँचाइलगायतका तमाम समस्या छन् । केही पालिका र केही वडामा एक घर एक धाराको काम भएको छ तर सबै ठाउँमा भएको छैन ।
नेपालले केही वर्षदेखि खुला बजार अर्थनीति अँगालेको छ । विगतमा चीन, भारतसमेतका मित्रराष्ट्रले नेपालमा उद्योग, कलकारखाना स्थापना गर्न आर्थिक तथा प्राविधिक सहयोग गरेका थिए । तर ती सबैजसो उद्योग अहिले बन्द छन् । यी उद्योग सञ्चालन भएको भए केही मानिसले त रोजगारी पाउँथे । केही साना उद्योग छन् तर रोजगारीका अवसर पाइँदैन । उद्योग सञ्चालनका लागि राज्यले सहयोग गर्नुको विकल्प छैन ।
राज्यले स्वदेशमा उत्पादन भएका वस्तुको प्रयोग बढाउने नीति पनि लिनुपर्छ । आम नागरिकलाई बाध्यकारी छैन भन्न सकूँला तर नेपाली सेना र प्रहरीलाई त नेपालमै उत्पादित कपडा प्रयोग गर भन्न सकिन्छ । प्रधानमन्त्री, मन्त्री, सांसदले विदेशी उत्पादन प्रयोग नगर्ने नीति बनाउन सकिन्छ । यसले स्वदेशमा उत्पादन भएको वस्तुको बजार विस्तार हुन्छ । कर्णाली क्षेत्रमा अदुवाको खेती हुन्छ । निजी क्षेत्रले युरोप पुर्याउँछ । अब नेपालमा राज्यले लगानीमैत्री वातावरण बनाएर निजी क्षेत्रलाई यसमा आकर्षित गर्नुपर्छ । लगानी गर्ने उद्योगी वा व्यवसायीलाई सुविधा दिनैपर्छ । जस्तै, दश वर्ष कर शुल्क नलिने । कर लिनेभन्दा रोजगारी दिने कुरा ठूलो हो । राज्यले त्यस्ता उद्योगीलाई रोजगारी दिने शर्त राख्नुपर्छ । सरकार भनेको नागरिकको अभिभावक हो । त्यसो भएको हुनाले रोजगारी सिर्जना गर्ने योजना बनाउनुपर्छ । जस्तै कृषिको कुरा गर्ने हो भने अहिले तोरी मिलमा विदेशी तोरी आएको छ । त्यसमा नेपालकै तोरी, गहुँ, चामल वा अन्य वस्तु भए के हुन्छ ? यसबाहेक पर्यटनका कुरा छन्, जडीबुटीका कुरा छन्, खानीका कुरा छन् । सस्तो लोकप्रियताका लागि बजेट कनिका छरेजस्तै छर्ने, कार्यकर्ता पाल्ने काम हुनु भएन । केही मान्छे अध्ययनका लागि पनि गएका छन् विदेश तर अधिकांश मानिस विद्यार्थी भिसामा मजदुरीका लागि गएका छन् । पढ्न गएकाहरू त्यहाँ काम गर्न बाध्य छन् ।

# ‘खाद्यान्नबालीमा आत्मनिर्भरको पहल’



**रासस**
**हेटौँडा ।**
सङ्घीय कृषि तथा पशुपक्षी विकासमन्त्री डा वेदुराम भुसालले मुलुकमा खाद्यान्नबालीतर्फ धान, मकै, गहुँलाई दिगोरुपमा आत्मनिर्भर बनाउने उद्देश्यले सरकारले गुरुयोजनासहित किसानको घरदैलोमा पुग्ने र उत्पादनलाई आधुनिक प्रविधिमा जोड्ने मूल लक्ष्य लिएको बताएका छन् ।
हेटौँडाको ५५औँ नगर स्थापना दिवसको उपलक्ष्यमा हेटौँडा उपमहानगरपालिकाद्वारा मंगलबार आयोजित समारोहलाई सम्बोधन गर्दै कृषि उत्पादन, पशुपालन र माछाको उत्पादन वृद्धि गर्न सरकारले अब स्थानीय निकायलाई बहुवर्षीय योजना अन्तर्गत स्रोतसाधनसहित जनशक्ति उपलब्ध गराउनेतर्फ गृहकार्य भइरहेको जानकारी गराए ।
मुलुकमा खाद्यान्नको अभाव हुने अवस्थाको अन्त्यका लागि सङ्घीय सरकारले तत्कालै ५५ अर्ब रुपैयाँको खाद्यान्न बाह्य मुलुकबाट आयात गरिने लक्ष्यका साथ स्रोतसाधन परिचालन गरेको उनले बताए । मन्त्री भुसालले प्रदेशका स्थानीय तहले पनि आ–आफ्नो निकायमार्फत् स्थानीयस्तरमा खाद्यान्नबाली, मौसमी तरकारी, दूध उत्पादन र माछाको उत्पादनका लागि वार्षिक कार्यक्रम तर्जुमा गरिँदा थप स्रोतसाधन परिचालन गर्नेतर्फ जिम्मेवारीबोध गर्न आह्वान गरे ।
हेटौँडा उपमहानगरपालिकाका प्रमुख मीना लामाले उपमहानगरपालिकाले वडा नं १ देखि १९ सम्म भूगोल अनुसारको कृषि उत्पादन, पशुपालन र माछापालनका लागि कृषि पकेट कार्यक्रम तर्जुमा गरिएको र स्थानीय किसानलाई उन्नत प्रविधिबाट खेती गर्ने प्रावधानलाई अघि बढाउन आवश्यक जनशक्ति परिचालन गरिने बताइन् । मकवानपुरलाई खाद्यान्नतर्फ आत्मनिर्भर बनाउने लक्ष्यका साथ उपमहानगरपालिकाले काम गरेको उनको भनाइ थियो । सो अवसरमा मकवानपुरका प्रमुख जिल्ला अधिकार सूर्यप्रसाद सेढाईं, हेटौँडा उप–महानगरपालिकाका उपप्रमुख राजीव बानियाँ, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा र नेपाल कम्युनिष्ट पार्टी (एमाले) मकवानपुरका उपसचिव सीता विष्टले जिल्लाका स्थानीय तहले जनताको पूर्वाधार विकासका साथै कृषि उत्पादन, पशुपालनका लागि घाँसखेती र सिँचाइको थप योजनालाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिएका थिए ।

# हेटौँडा सबस्टेसनको निर्माण अन्तिम चरणमा



**रासस**
**काठमाडौँ ।**
मुलुकभित्रको विद्युत् प्रसारण तथा वितरण प्रणाली सुदृढीकरण एवं आधुनिकीकरणका लागि महत्वपूर्ण मानिएको मकवानपुरमा निर्माणाधीन चार सय केभी क्षमताको सवस्टेशनको काम अन्तिम चरणमा पुगेको छ ।
मकवानपुरको हेटौँडा उपमहानगरपालिका–११ थनाभर्याङमा सो सवस्टेशन निर्माणाधीन छ । हेटौँडा सवस्टेसनमा ४००/२२० केभी, २२०/१३२ केभी र १३२/११ केभी सवस्टेसन निर्माणाधीन छन् । एक महिनाभित्र निर्माण सम्पन्न गरी सञ्चालन (चार्ज) गर्ने लक्ष्यका साथ सवस्टेसनका उपकरणको जडान, परीक्षणलगायत अन्तिम चरणका काम भइरहेका छन् ।
सवस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् प्रवाहका अतिरिक्त स्थानीयरुपमा आपूर्ति गरिनेछ । यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्ति पर्याप्त, भरपर्दो र गुणस्तरीय हुनेछ ।
निर्माण अनुगमनमा पुगेका नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले पछिल्लो समयमा सवस्टेसनको काम सन्तोषजनक देखिएको बताए । कार्यकारी निर्देशक घिसिङले निर्माणमा संलग्न आयोजना व्यवस्थापन र निर्माण व्यवसायीसँग छलफल गरेका थिए । घिसिङले एक महिनाभित्रमा सवस्टेसन सञ्चालनमा ल्याउने गरी बाँकी काम सम्पन्न गर्न निर्देशन दिए । सरकार र विद्युत् प्राधिकरणको लगानीमा हेटौँडा–ढल्केबर–इनरुवा चार सय केभी सवस्टेसन विस्तार आयोजनाअन्तर्गत निर्माणाधीन ४००/२२० केभी हेटौँडा सवस्टेसनमा तीन सय १५ एमभिए क्षमताका तीन थान पावर ट्रान्सफर्मर छन् । त्यसको क्षमता नौ सय ४५ एमभिए छ । धनुषाको ढल्केबरबाट र अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)बाट प्राप्त हुने अनुदानबाट नुवाकोटको रातमाटेबाट निर्माण हुने चार सय केभीको डबल सर्किट प्रसारण लाइन हेटौँडा सवस्टेसनमा ल्याएर जोडिनेछ । यसका लागि हेटौँडा सवस्टेसनमा आवश्यक पूर्वाधार निर्माण गरिएको छ । आयोजनाअन्तर्गत नै ढल्केबर र इनरुवामा ४००/२२० केभीका सवस्टेसन निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेका छन् । हेटौँडा र इनरुवा सवस्टेसन निर्माणका लागि २०७५ पुसमा ठेक्का सम्झौता भएको थियो ।
देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल–भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौँडा–ढल्केबर–इनरुवा ४०० केभी डबल सर्किट प्रसारण लाइन आयोजनाअन्तर्गत हेटौँडा २२०/१३२ केभी सबस्टेसन निर्माण गरिएको हो ।
सवस्टेसनमा एक सय ६०/१६० एमभिएका दुई पावर ट्रान्सफर्मर छन् ।
ठेकेदार कम्पनीको कार्यसम्पादन सन्तोषजनक नभएपछि ठेक्का तोडी बाँकी रहेको काम गर्न २०७५ पुसमा नयाँ ठेक्का सम्झौता गरिएको थियो । आयोजनाअन्तर्गत नै धनुषा र इनरुवामा २२० केभीका सवस्टेसन निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेका छन् । आयोजना सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा सुरु गरिएको हो ।
हेटौँडा–भरतपुर–बर्दघाट २२० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत १३२/११ केभी हेटौँडा सवस्टेसन निर्माण गरिएको हो । यो सवस्टेसनबाट स्थानीयरुपमा विद्युत् आपूर्ति गरिनेछ । सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा आयोजना सुरु गरिएको थियो ।

# श्रीलङ्काले एआई पाठ्यक्रम लागु गर्ने

**सिन्हा**
**कोलम्बो ।**
श्रीलङ्काको मन्त्रिपरिषद्ले शिक्षा प्रणालीमा कृत्रिम बौद्धिकता (एआई) का धेरै पाठ्यक्रम लागु गर्ने प्रस्तावलाई स्वीकृति दिएको सरकारको सूचना विभागले मङ्गलबार जनाएको छ ।
उक्त प्रस्ताव कृत्रिम बौद्धिकतासँग सम्बन्धित राष्ट्रिय रणनीति तथा योजनाको निर्माणका लागि नियुक्त कार्यदलको सिफारिसमा गरिएको विभागले जनाएको छ ।
विभागका अनुसार परियोजनालाई माइक्रोसफ्ट इन्स्टिच्युटको सहयोगमा कार्यान्वयन गरिने छ ।
परियोजनाको एक हिस्साका रूपमा मन्त्रिपरिषद्ले श्रीलङ्का नेसनल इन्स्टिच्युट अफ एजुकेसनको सिफारिसका आधारमा माइक्रोसफ्ट इन्स्टिच्युटले हाल लागु गरेको अन्तर्राष्ट्रिय पाठ्यक्रमलाई संसोधन गर्न आवश्यक आधारभूत मानव संसाधन उपलब्ध भएका विद्यालयहरूमा कक्षा ८ देखि प्रस्तावित पाइलट परियोजना सुरु गर्न स्वीकृति दिएको विभागले बताएको छ ।
मन्त्रिपरिषद्ले माइक्रोसफ्ट इन्स्टिच्युटले दिने सुविधाअन्तर्गत पाइलट परियोजनाका लागि छनोट गरिएका विद्यालयको डिजिटलीकरण तथा एक सय जना सूचना एवं सञ्चार प्रविधि विषयका शिक्षकहरूलाई प्रशिक्षण दिने प्रस्तावलाई पनि स्वीकृति दिएको छ ।

# अयोध्यामा भक्तजनको बाक्लो आगमन



**एएनआई**
**अयोध्या ।**
भगवान रामको दर्शन गर्न अयोध्याको राम मन्दिरमा ठूलो संख्यामा भक्तजनको भीड लागेको छ । अहमदाबाद निवासी कीर्ति आचार्य नामका भक्तले एउटा अदभूत सनातन र अनन्त मूल्यमान्यताको विजयको प्रतिकका रूपमा पाँच सय वर्षपछि भव्य मन्दिर निर्माण भएको बताउँदै आँखाबाट आँसु झारे । मन्दिर निर्माण पछि भगवान राम नै यहाँ आएको विश्वास व्यक्त गर्दै आचार्यले अब यहाँका स्थानीयलाई अपार आनन्द मिल्ने बताए । यसै सन्दर्भमा अर्का जना भक्तले अयोध्या आएर आफ्नो यात्रा पूरा भएको बताए । भगवान श्रीरामको आगमनको प्रतिक्षामा अयोध्याको भौगोलिक क्षेत्रलाई सुन्दररुपले तरिकाले सजाइएको छ । मन्दिरको जटिल काम पनि असाधारणरूपमा सुन्दर छ । भारत बाहिरबाट आएका मानिसका लागि कुनै कठिनाई नभई सबै कुराको व्यवस्थापन छ ।
विद्यार्थीसँगै आएका लखनऊका एकजना शिक्षकले आपूm हरु एउटा प्रतियोगिताका लागि अयोध्या आएको बताउँदै यहाँ आइपुगेपछि आपूm ले राम मन्दिर पनि भ्रमण गरेको बताए । मन्दिर देखेर अद्भुत महसुस गरेको बताए । ठुलो सङ्घर्षपछि मन्दिर निर्माण सम्भव भएपछि मन्दिर परिसरमा आउँदा खुशी र सफलता हासिल गरेको अनुभव भएको उनको भनाइ छ । मन्दिर निर्माण सँगसँगै अयोध्यामा पनि उल्लेखनीय विकास स्वरुप सडक निर्माण गरिएको ती शिक्षकको भनाइ छ । परिणाम स्वरुप पर्यटकीय वातावरण पनि वृद्धि भएकाले चारैतिरबाट पर्यटकहरू निरन्तर आइरहेको उनले बताए ।
यसअघि अमिताभ बच्चनले शुक्रबार मन्दिरको भव्य उद्घाटनमा छोरा अभिषेक बच्चनसहित राम लल्लाको पूजा गरेका थिए । बुधबार सुरिनामको प्रतिनिधिमण्डलले अयोध्याको भ्रमण गरेको थियो । सुरिनामको राष्ट्रियसभाका अध्यक्ष मारिनस बीको नेतृत्वमा प्रतिनिधिमण्डल बुधबार अयोध्या पुगि आध्यात्मिक र सांस्कृतिक गतिविधिसहित राम लल्लाको मूर्तिको पूजा गरेको थियो ।
मुख्यमन्त्री पेमा खान्डुको नेतृत्वमा अरुणाचल प्रदेशको मन्त्रिपरिषद्ले अयोध्यामा राम मन्दिरको भ्रमण गरेको थियो । उत्तर प्रदेशका मुख्यमन्त्रीको कार्यालयअनुसार भगवान राम लल्लाको प्राण प्रतिष्ठापछि राम लल्लाको दर्शन र पूजा गर्ने अरुणाचल प्रदेशबाट आएका तिनीहरू पहिलो राजनीतिक प्रतिनिधिमण्डल थिए । जनवरी २२ मा मन्दिरमा श्री राम लल्लाको ‘प्राण प्रतिष्ठा’ सम्पन्न भएको थियो । जसमा प्रधानमन्त्री नरेन्द्र मोदीले पुजारीको नेतृत्वमा अनुष्ठान गरेका थिए ।

# नेप्से परिसूचकमा गिरावट

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३० दशमलव ५६ अङ्कले घटेर दुई हजार ७० दशमलव ५९ को बिन्दुमा कायम भएको छ । मंगलबार तीन सय पाँच कम्पनीका एक करोड २१ लाख ६५ हजार दुई सय दुई कित्ता शेयर ८२ हजार आठ सय ९९ पटक खरिद बिक्री भएका छन् । त्यसबाट चार अर्ब ६६ करोड ७१ लाख ७९ हजार तीन सय चार रुपैयाँ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । नेपाल राष्ट्र बैंकले सोमबार चालु आर्थिक वर्षको मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा गर्दै अधिकांश व्यवस्थालाई यथावत राखे पनि मंगलबारदेखि लागू हुने गरी स्थायी निक्षेप सुविधालाई कार्यान्वयनमा ल्याउने र संस्थागत मुद्दति निक्षेपको ब्याजदर निर्धारण गर्दा व्यक्तिगत मुद्दति निक्षेपमा प्रदान गर्ने ब्याजदरभन्दा एक प्रतिशत बिन्दुले न्यून राखी तय गर्न पाउने व्यवस्था ल्याएको थियो । मौद्रिक नीतिको समीक्षाको आंशिक प्रभाव पुँजी बजारमा पनि परेको रुपमा हेरिएको छ ।
मंगलबार सबै समूहका उपसूचक घटेका छन् । सबैभन्दा धेरै विकास बैंक समूहको उपसूचक दुई दशमलव ४० प्रतिशतले र वित्त समूहको उपसूचक दुई दशमलव २० प्रतिशतले घटेको छ । बोटलर्स नेपाल (बालाजु) लिमिटेड, समाज लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपर माइ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने गुँरास लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य नौ दशमलव ७० प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा मंगलबार सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको ३२ करोड ५० लाख ४५ हजार ७२ रुपैयाँ बराबरका चार लाख ७८ हजार पाँच सय ६० कित्ता शेयर किनबेच भएका छन् ।

# ‘नेपालको ऊर्जा क्षेत्र लगानीमैत्री छ’

**मधेशदृष्टि**
**वीरगंज ।**
अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ)को भ्रमण टोलीले नेपालको अर्थतन्त्रमा विविध चुनौतीका बाबजुद ऊर्जाको पूर्वाधार क्षेत्रमा लगानीमैत्री वातावरण रहेको जनाएको छ । टोलीले नेपालको समग्र अर्थतन्त्रको विकास र स्थितिबारे छलफल गरी भ्रमणको समापनका अवसरमा आफ्ना निष्कर्षहरू सार्वजनिक गरेको छ ।
कोषका टिडाइन किण्डा नेतृत्वमा आएको भ्रमण टोलीले नेपालको विप्रेषण आय र पर्यटक बढ्दो भए पनि निर्यात वृद्धि नहुनु र मुद्रास्फिति बढ्नुले चुनौती देखिएको निचोड निकालेको छ ।
टोली प्रमुख किण्डाले सोमबार आयोजित पत्रकार सम्मेलनमा विदेशमा बसाइँसराइ रोकिनुपर्ने र राजस्व परिचालनका दायरा बढाउनुपर्नेमा जोड दिए । यसका साथै आसन्न लगानी सम्मेलनमा विद्यमान चुनौतीहरूका सम्भावनाहरूलाई पहिल्याएको उनको भनाइ थियो । टोलीले अर्थमन्त्री डा प्रकाशशरण महत, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठ, नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलगायत अधिकारीसँग छलफल गरेको थियो । छलफलमा कोषका एसिया प्रशान्त क्षेत्रका उपनिर्देशक गुल्डे वल्फलगायत सहभागिता थियो ।

# नेपालसँग माल्दिभ्स १३ रनमै अलआउट



**मधेशदृष्टि**
**वीरगंज ।**
एसिसी महिला प्रिमियर लिग क्रिकेट प्रतियोगितामा नेपालले माल्दिभ्समाथि कीर्तिमानी जित हासिल गरेको छ । नेपालले माल्दिभ्सलाई दुई सय १४ रनको फराकिलो अन्तरले पराजित गरेको हो । यसमा नेपाली टोलीकी प्रमुख ब्याटर रुबिना क्षेत्रीको कीर्तिमानी शतक सामेल थियो ।
उनले अविजित एक सय १८ रन बनाइन् । मलेसियाको क्वालालम्पुरमा मंगलबार टस जितेर नेपालले पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा चार विकेट गुमाएर दुई सय २७ रन बनायो । दुई सय २८ रनको विजयी लक्ष्य पच्छ्याउने क्रममा माल्दिभ्सको पारी १३ दशमव पाँच ओभरमा मात्र १३ रनमा समेटियो ।
नेपालका लागि रुबिनाले ५४ बलमा शतक प्रहार गरिन् । उनी नेपालबाट अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा शतक प्रहार गर्ने पहिलो महिला खेलाडी बनेकी छिन । यसअघि नेपालबाट अन्तर्राष्ट्रिय महिला क्रिकेटमा सीता रानामगरले सर्वाधिक ८२ रन बनाइएकी थिइन् ।
मंगलबारको खेलमा रुबिनाले ५९ बलमा १० चौका र पाँच छक्का हानिन् । त्यसैगरी नेपालका लागि पूजा महतोले ५९ रनको योगदान दिइन् । उनले ३६ बलमा पाँच चौका र एक छक्का प्रहार गरिन् । यस्तै सीता रानामगरले १५ तथा कविता कुवँले १३ रन बनाइन् । बलिङतर्फ माल्दिभ्सकी शम्मा अलीले तीन तथा नब्बा नासिमले एक विकेट लिइन् ।
माल्दिभ्सलाई मात्र १३ रनमै समेट्ने क्रममा नेपालकी अस्मिना कर्माचार्यले सर्वाधिक चार विकेट लिइन् । यस्तै पूजा महतो र रुबिना श्रेत्रीले तीन तीन विकेट लिइन् । माल्दिभ्सका कुनै पनि खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् । सुमाया विन्थ अब्दुल हमिदले पाँच तथा नब्बा नासिम र हफसा अब्दुल्लाले दुई दुई रन बनाए ।
लगातार तीन खेल जित्दै प्रतियोगिताको समूह ‘डी’ मा रहेको नेपाल क्वाटरफाइनमा प्रवेश गरेको छ । नेपालले पहिलो खेलमा हङकङ र दोस्रो खेलमा भुटानलाई आठ आठ विकेटले पराजित गरेको थियो । लगातार तेस्रो खेलमा हार बेहोरेको माल्दिभ्स प्रतियोगिताबाट बाहिरिएको छ । माल्दिभ्स पहिलो खेलमा भुटान र दोस्रो खेलमा हङकङसँग पराजित भएको थियो ।



# इञ्जिनियरको चिया पसलः 'कुनै पछुतो छैन'




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सूचना प्रविधिको युग । त्यसैमा कम्प्युटर इन्जिनियरिङमा स्नातक अर्थात् 'बिटेक' गरिसकेको युवा । यस्तो युवाले के गरिरहेका होलान्, कल्पना गर्नुहोस् त ? सोही विषयमा स्नातकोत्तर अध्ययनको तयारीमा जुटेका, रोजेखोजेको कार्यालयमा सफ्टवेयर बनाइरहेका, बहुचर्चित विधा आर्टिफिसियल इन्टेलिजेन्स, साइबर सेक्युरिटीलगायत काममा नयाँ–नयाँ प्रयोग गर्न अभ्यस्त । त्यसै नभए पनि आफ्नो सीप र कला प्रयोग गरेर जीवनयापन गरिरहेका त पक्कै होलान् ! हरेकको मानसपटलमा यस्तै चित्र बन्छन् । तर धनुषाको जनकपुरधाम उपमहानगरपालिका–१० देवीचोक निवासी कम्प्युटर इञ्जिनियर राजेश कर्णको दिनचर्या भने हामीले कल्पना गरेभन्दा भिन्न छ । कम्प्युटरका पाटपुर्जा र थरिथरि सफ्टवेर बनाउन किबोर्ड चलाउनुपर्ने उनका हात यतिखेर स्वादिलो चियाका लागि चियापत्ती, पानी र चिनी अड्कल्दै छन् । जनकपुरधाम–२ स्थित किशोरी चोकमा एउटा सानो सटरमा चियापसल सञ्चालन गरिरहेका छन् राजेश । घरी असरल्ल राखिएका चिया गिलास टिप्छन्, घरी चिया पकाउँछन् । सपना, विश्वविद्यालयमा आर्जन गरेको कम्प्युटर शिक्षा प्रयोग गर्नेछ तर विपनामा भने यसैगरी चियाको मात्रा नापिरहनुपरेको छ उनले । 'आफ्नै क्षेत्रमा काम गर्ने रहर त कसैलाई हुदैन र ! त्यस्तै रहर मलाई पनि थियो । तर रहरले मात्रै कहाँ हुँदोरहेछ ! त्यसैको उदाहरण हुँ म", उनले भने । रहरले त हुँदैन तर प्रविधिको ज्ञान त छ नि ! प्रयास गरेपछि कसो नहोला ? लामो सुस्केरा हाल्दै राजेशले भने, 'खै ! नहुँदोरहेछ । मसँग त रहर र सीप दुवै छ । प्रयास पनि कहाँ नगरेको हुँ र... !' पछाडिबाट आवाज आयो, 'दाई चिया ।' कुरा छाडेर काममा लागे उनी । ग्राहकलाई चिया दिइसकेपछि छेउमै आएर सोधे, 'तपाईंहरूको नि ?' जवाफमा हामीले पत्रकार भएको बताएपछि एउटा कुर्सी तानेर बस्नै लाग्दा फेरि ग्राहक थपिए । 'मेरो त काम नै यस्तै छ । सुरुका केही दिन त नरमाइलो लाग्थ्यो, अहिले भने अभ्यस्त हुँदैछु', पाक्दै गरेको चिया चलाउँदै राजेशले भने, 'पारिवारिक परिबन्ध र खराब समय चलेपछि जति प्रयास गर्दा पनि केही हुँदैन रहेछ । विज्ञानमा विश्वास गर्ने म अचेल त भाग्यमा यस्तै गर्नुरहेछ भनेर चित्त बुझाइरहेको छु ।'

**राजेशको तुहियो सपना**
जनकपुरधामस्थित एक निजी विद्यालयबाट विसं २०६६ मा पहिलो श्रेणीमा प्रवेशिका परीक्षा(एसईई) उत्तीर्ण राजेशले स्नातकसम्मको शिक्षा भारतमा पढेका छन् । भारतको डाएनसी कलेज बेनीपट्टी, मधुबनीबाट प्लस टु साइन्स (प्रथम श्रेणी) र हिमाञ्चल प्रदेशस्थित बद्दी युनिभर्सिटी अफ इमर्जिङ साइन्स एण्ड टेक्नोलोजीबाट कम्प्युटर इन्जिनियरिङमा स्नातक (बि–टेक)सम्मको अध्ययन पूरा गरेका छन् । सन् २०१८ मा स्नातकसम्मको पढाइ सकेपछि राजेशले विश्वविद्यालयकै सिफारिसमा मासिक ५२ हजार भारु पाउनेगरी चण्डिगढको एउटा कम्पनीमा काम सुरु गरिसकेका थिए । तर जनकपुरस्थित घरमा रहेकी आमा 'थ्रोट' क्यान्सरबाट सिकिस्त भएपछि तीन महिनामै जागिर छाड्नुपरेको उनले सुनाए । 'स्नातक सकिएपछि काम सुरु गरिसकेको थिएँ, तर तीन महिनामै छाडेर नेपाल आउनुपर्यो । त्यसपछिको सम्पूर्ण समय आमाको उपचारमा खर्चिए । एक वर्ष त दिल्लीस्थित एम्स अस्पताल धाउँदै बित्यो । त्यसक्रममा करिब २५–३० लाख रुपैयाँ खर्च भयो । त्यसयता हामी सबैको योजना भताभुङ्ग भयो', उनले दुःख पोखे । हुँदाखाँदाको जागिर छाडेर नेपाल आएका राजेशको जीवनमा एक समय यस्तो आयो कि कसैले लाखौँ तलब दिन्छुभन्दा पनि काम गर्ने अवस्था रहेन । किनकि घरको काम उनले नै गर्नुपर्ने भयो । यहीबीचमा साढे चार वर्षअघि बुवाको मृत्यु भयो । 'बुवा बितेपछि आमाको सम्पूर्ण सहारा गुम्यो, हाम्रो भरोसा । त्यसपछि आमालाई एक्लै छाड्ने अवस्था रहेन । जागिरको अवसर पाएका बेला घरायसी समस्याले घेर्यो । आमालाई ठिक भएपछि सँगै बसेर केही गर्न पाए हुन्थ्यो भनेर जनकपुरमै धेरै प्रयास गरेँ, धेरैलाई गुहारे तर जागिर पाइँएन', उनले सुनाए । नेपाल टेलिकमको जागिरबाट अवकाशप्राप्त बुवाको पेन्सनबाट घरव्यवहार चलाइरहेको बताउने राजेशले आफ्नो शिक्षा र ज्ञान प्रयोग गर्नुपर्छ भन्ने योजना नबनाएका पनि होइनन् तर आर्थिक अभावले पूरा गर्न सकेनन् । 'जागिर पाइएन । खर्च बढ्दै गयो तर आम्दानी छैन', एकछिन निःशब्द हुँदै उनले भने, 'श्रमको मूल्य पाउने जागिर नै पाइँएन । दश–बाह्र हजारमा काम गर्न सकिएन ।' नेपालमा विकल्प नभएपछि उनले विदेशिने निधो गरे । त्यसबेला स्वास्थ्य बाधक बन्यो । राजेशले दुबईमा साइबर सेक्युरिटीका क्षेत्रमा काम गर्न एउटा कम्पनीमा विभिन्न चरण पार गरेँ । तर मेडिकल परीक्षण गर्दा रगतमा सङ्क्रमण देखिएपछि त्यहाँ पनि जान पाएनन् । अहिले औषधि सेवन गरिरहेको उनले बताए । सामान्य मध्यमवर्गीय परिवारका उनले 'प्लस टु साइन्स' आफ्नै लगानीमा पढे पनि बि–टेकचाहिँ छात्रवृत्तिमा पढेका हुन् । उनीमात्रै होइन उनका दाजुले पनि बायोटेक्नोलोजीमा स्नातकोत्तर (एमटेक) सम्मको अध्ययन भारतबाट र चीनबाट विद्यावारिधि गरेका छन् । लकडाउनको समयमा अध्ययन सकेर नेपाल फर्किएका उनी पनि पारिवारिक समस्याकै कारण घरमै अल्झिरहनुपरेको भाइ राजेशले जानकारी दिए ।

**आठ हजार तिर्नुपर्ने भएपछि...**
आमालाई क्यान्सर भयो । त्यहीबीचमा बुवा बिए । परिवारको लय बिथोलियो, राजेश दाजुभाइको सपना र योजना । जागिरका लागि गरिएका प्रयास सफल भएनन् । भएको सीप प्रयोग गरेर केही गरौँ भन्ने सोचमा पुँजी बाधक बन्यो । 'सबै प्रयास असफल भएपछि अहिले चिया पसल चलाइरहेको छु । एक लाख ऋण काढेर यो व्यवसाय सुरु गरेको पनि तीन महिना भयो । ठूलो चोट, सिकाइ र विवशतापछिको प्रतिफल हो', उनले मलिन मुद्रामा भने । यो व्यापार पनि एउटा पसलमा आठ हजार रुपैयाँ उधारो तिर्नुपर्दाको सकसपछि जन्मिएको हो । चियाका अम्मली राजेशले गएको दसैँ तिहारकै समयमा उधारो खाने गरेको चियापसलेलाई आठ हजार तीन सय रुपैयाँ तिर्नुपर्ने भयो । अनुमानभन्दा बढी पैसा तिर्नुपरेपछि त्यसै दिन चिया छोड्ने वा आफैँ चियापसल खोल्ने सङ्कल्प लिएको राजेशको कथन छ । उनी भन्छन्, 'त्यहीँ घटनापछि चियापसल खोल्ने निर्णयमा पुगेँ । एकातिर अरुलाई तिर्नुपर्ने चियाको पैसा जोगिने अर्कोतिर समयको सदुपयोग र दुई पैसा आम्दानी पनि हुने । त्यसपछि चियापसल सुरु गरेको हुँ ।' राजेशले पसलको नाम 'इञ्जिनियर क्याफे' राख्ने निधो गरेर बोर्ड बनाउन दिएका छन् । उनी विभिन्न प्रकारका चिया, कफी बनाउने सोचका साथ बजार अध्ययन गरिरहेको र अब यहीँ व्यवसायलाई व्यवस्थित बनाउने योजनामा छन् । 'सुरुमा पढियो एउटा गरियो अर्कै भनेर निराश हुन्थे तर अहिलेचाहिँ कुनै पछुतो छैन । देशको अवस्था, विदेशिएका युवाको पीडाका साथै पसलमा आउनेहरूले दिने प्रतिक्रियाबाट पनि उत्साहित भइरहेको छु । आगामी दिनमा के–के हुन्छ हेर्दै जाऔँ', उनले भने । जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्रकुमार महासेठ पनि एउटा शिक्षित र प्राविधिक शिक्षा पढेको युवाले रोजगारी नपाउनु चिन्ताको विषय भए पनि राजेशले रोजेको बाटोबाट आम युवाका लागि प्रेरणाको ठूलो सन्देश प्रवाह भएकामा खुसी व्यक्त गरे । 'देशमा कुनै पनि क्षेत्र र मान्छे उत्साहित छैनन् । युवाहरू विदेश धाइरहेका छन् । यो भीडमा एउटा शिक्षित युवाले चियापसल खोल्ने आँट गर्नु राम्रो कुरा हो । यसबाट अरुले पनि पाठ सिक्न जरुरी छ', उनले भने । रासस

# 'झोलुङ्गे पुलले जोडेको मन'

**मधेशदृष्टि**
**धनुषा ।**
सिरहाको सिरहा नगरपालिका–१९ का मुगालाल यादव ९२ वर्षको भए । उनले बाल्यकालदेखि नै कमला नदीमाथि पुल बन्छ भनेर सुन्दै आएका थिए तर यतिका वर्षसम्म पनि मोटर गुड्ने पक्की पुल बनेको छैन । त्यही छेउमा अहिले भने झोलुङ्गे पुल बनेको छ । शनिबार त्यही पुल हेर्न आएका ९२ वर्षीय यादव जीवनको उत्तरार्द्धमा कमला नदीमाथि झोलुङ्गे पुल देख्दा दङ्ग थिए । खुसी हुँदै उनले भने, 'झोलुङ्गे पुल भए पनि वर्षौंपछिको सपना पूरा भएको छ । अब जोखिम मोलेर नदी पार गर्नुपर्ने बाध्यताको अन्त्य भएको छ ।' यादवले कमला नदीमा पुल नहुँदा आफ्नो पुस्ताले भोगेको सास्तीबाट नयाँ पुस्ताले मुक्ति पाएको देखेर निकै हर्षित भएको सुनाए । 'सिरहा घर भए पनि ससुराली, मावली, दिदीबहिनी, फुपू, इष्टमित्रहरुको सिमापारी धनुषामै छ । तर अहिलेसम्म हत्केलामा ज्यान राखेर ओहोरदोहोर गर्नुपथ्र्यो । झोलुङ्गे पुलले वर्षौंदेखिको त्यो समस्या समाधान गरेको देख्दा निकै रमाइलो पनि लागिरहेको छ', यादवले खुसी व्यक्त गरे । नदीले वारि र पारि बनाएका मनहरुलाई पुलले भौतिकरुपमै जोडेको उनको भनाइ छ । उनी मात्रै होइन, सिरहा नगरपालिका–१३ का महावीर ठाकुर पनि निकै प्रफुल्ल थिए । स्वास्थ्य समस्या र विपत्तीकाबेला सहजरूपमा अस्पताल जान सजिलो हुने भन्दै उनी खुसी छन् । 'पुल नहुँदा वर्षायामको समयमा धेरै समस्या थियो । जोखिम मोलेर डुङ्गाबाट ओहोरदोहोर गर्दा पनि समस्या थियो । त्यही डुङ्गाबाट जाँदा दर्जनौँ नागरिकले ज्यान गुमाइसकेका छन् । अब भने सहज हुने भयो । निकै खुसी लागिरहेको छ ।' जनकनन्दनी गाउँपालिका–४ खजुरीका रमेश साह मोटरसाइकलमा झोलुङ्गे पुल हुँदै वारपार गर्न पाउँदा अहिलेसम्म पाएका सबै दुःख बिर्सिएको बताउँछन् । 'कमला नदीमाथिको पक्की पुलबाट कहिले वारपार गर्न पाइने हो टुङ्गो नै छैन । तर झोलुङ्गे पुलबाट यति चाँडै आउजाउ गर्न पाउँदा पहिले भोगेका सास्ती सबै भुलाएको छ', साहले खुसी हुँदै भने । धनुषा र सिरहा सीमानामा पर्ने कमला नदीमा झोलुङ्गे पुल निर्माण भएपछि अहिले यहाँका नागरिकलाई कमला नदिको अवरोध छिचोल्न सहज भएको छ । अहिले मोटरसाइकल चालक र पैदल यात्रुहरुले यो पुलबाट वारपार गर्ने गरेका छन् । धनुषाको जनकनन्दिनी गाउँपालिका–६ कठाल र सिराहा नगरपालिका–१३ मलहनियाँलाई जोड्न कमला नदीमा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको हो । अहिले पुल हेर्नका लागि मात्रै पनि यहाँ दैनिक सयौँ मान्छे आउने गरेका छन् ।

**समयअगावै बन्यो पुल**
नेपालकै लामो भनिएको यो पुल सस्पेन्सन बृज डिभिजन पुल्चोक ललितपुरअन्तर्गत निर्माण भएको हो । विसं २०७८ फागुन २७ गतेको बोलपत्रअनुसार सपना, उमा एण्ड कम्पनी, थानी जेभी कन्सट्रक्सन बतीसपुतली काठमाडौँले यो पुल निर्माण गरेको थियो । कम्पनीसँग २०७९ असार ४ गते भएको ठेक्का सम्झौताअनुसार २०८१ असारमसान्तसम्म पुल निर्माण गरिसक्नु पर्ने शर्त थियो । सोहीअनुसार २०७९ मङ्सिर २ गतेदेखि पुल निर्माण सुरु गरेको कम्पनीले सम्झौता अवधिभन्दा छ महिना अगावै सम्पूर्ण कार्य सम्पन्न गरिएको कम्पनीका सब इञ्जिनियर उपेन्द्र देवकोटाले जानकारी दिए । २१ करोड ५० लाख १० हजार सात सय रुपैयाँ लागत रहेको पुललाई नेपालकै लामो पुल भनेर दाबी गरिएको छ । यो पुलको लम्बाई एक हजार पाँच सय दशमलव ४४ मिटर लामो र एक दशमलव दुई मिटर चौडाइ छ । यसअघि सबैभन्दा लामो भनिएको सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लास्थित महाकाली नदीमाथि बनेको दोधारा चाँदनीको झोलुङ्गे पुलको लम्बाई एक हजार चार सय ५३ मिटर लामो छ । यस्तै पुलको भार क्षमता पाँच सय ४० मेट्रिक टन रहेको निर्माण कम्पनीका सब इन्जिनीयर देवकोटाले बताए । उनका अनुसार पुलमा तीन हजार आठ सय ८६ पैदल यात्रीको भार क्षमता रहेको छ । कठाल मल्हनिया मल्टी स्पान झोलुङ्गे पुल सिरहा धनुषा नाम दिइएको यो पुलका लागि ३४ करोड बजेटको व्यवस्था भए पनि सार्वजनिक बोलपत्रको प्रकृयाबाट १९ प्रतिशत घटीमा निर्मण कम्पनीले ठेक्का लिएको थियो । त्यसबाहेक, बृज डिभिजनले पुलमा लाग्ने तीन करोड बराबरको लट्ठा छुट्टै निर्माण उपलब्ध गराएको देवकोटाको भनाइ छ । पुलकै प्राविधिक सरोज खड्काले कम्पनीको निर्देशनअनुसार दिनरात नभनेर काम गर्दा सम्झौता अमयावधिभन्दा अगावै पुल निर्माण सकिएको बताए । उनी भन्छन्, 'पुल नहुँदा यहाँका नागरिकले भोगिरहेको समस्या देख्यौँ । त्यसबाट चाँडै छुटकारा दिने



सङ्कल्पअनुसार निर्माणमा संलग्न हामीहरु सबैले चाडवाड, झरी बादल, दिनरात केही नभनी काममा खटियौ । त्यसैको परिणाम हो यो । अहिले स्थानीयहरुको खुसी देखेर हामीलाई ठूलो आत्मसन्तुष्टि भइरहेको छ ।' पुलको परिकल्पनाकारमध्येका इञ्जिनियर विनोदकुमार मण्डलले यो पुल महेन्द्र राजमार्गको मात्रै होइन, अलपत्र हुलाकी राजमार्गअन्तर्गतको कमला पुलको पनि विकल्प भएको बताए । पुल निर्माणका लागि स्वयंसेवकको रुपमा सहयोग गरिरहेका मण्डलले भने, 'धनुषा र सिरहालाई जोड्ने कमला नदीमा निर्माणाधीन कमला पुल अपलत्र छ । नागरिकसँग अर्को सहज विकल्प थिएन । अब यो पुल नै दुई जिल्लाका लाखौं नागरिकका लागि विकल्प बनेको छ ।' हुलाकी सडकमा निर्माण गरिएको कमला पुल सञ्चालन नहुँदै भासिएपछि सिराहाबाट करिब ३५ किलोमिटरको दूरीमा रहेको प्रदेशको राजधानी जनकपुरधाम पुग्न पूर्व–पश्चिम राजमार्ग तथा भारतको जयनगर हुँदै जानुपर्ने बाध्यता हटेको इञ्जिनियर मण्डलले बताए । झोलुङ्गे पुल निर्माण भएसँगै दूरी छोटिएपछि सिराहाको मल्हनिया, माडर, पटेर्वा, गम्हरिया र पूर्वी धनुषाको पतनुका, बनरझुल्ला, खजुरी, चन्हा, महुवा, बलहा, कठाल, सघारा र माचीझिटकैयाका नागरिकलाई प्रत्यक्ष फाइदा पुगेको छ । धनुषाको सबैला नगरपालिकाअन्तर्गत पटेर्वा र सिरहाको कल्याणपुर नगरपालिकाअन्तर्गतको चिकना जोड्ने कमला नदीको पक्की पुलको शिलान्यासको अवसर पारेर यसै महिना यस पुलको पनि उद्घाटन गराउने कार्यक्रम रहेको बताइएको छ ।

**'भारत पुग्नुपर्ने बाध्यता हट्यो'**
धनुषाबाट सिरहा र सिरहाबाट धनुषा अर्थात् प्रदेश राजधानी जनकपुरधाम पुग्न महेन्द्र राजमार्ग या त भारतको जयनगर पुग्नुपर्ने भएकाले अधिकांश नागरिकले यही बाटो प्रयोग गर्छन् । तर यहाँ न मोटर गुड्ने पक्की पुल छ न त विकल्प नै थियो । यो बाटो प्रयोग गर्दा करिब ६० किलोमिटर दूरी छोटिन्छ । अरु बाटो प्रयोग गर्दा ८७ किलोमिटर लामो दूरी पार गरेर दुबै जिल्लाका सदरमुकाम पुग्नुपर्छ । यो झोलुङ्गे पुलले आफ्नै प्रदेश राजधानी जनकपुरधाम पुग्न भारत भएर जानुपर्ने र त्यहाँ जाँदा भोग्नुपरेको सास्तीबाट आंशिकरुपमा भए पनि छुटकारा मिलेको छ । 'राजमार्गको बाटो जाँदा धेरै दूरी पार गर्नुपर्छ । भारतीय बाटो प्रयोग गर्दा समयको बर्बादी त थियो नै भारतीय पक्षबाट अपमान पनि भोग्नुपर्ने समस्याको अन्त्य भएको छ', इञ्जिनीयर मण्डलले भने ।

**शिक्षा र स्वास्थ्यमा पहुँच बढ्ने**
पुल निर्माणले स्वास्थ्य क्षेत्रमा नागरिकको पहुँच बढ्ने प्रादेशिक अस्पताल सिरहामा कार्यरत अर्थोसर्जन डा.रवि श्रीवास्तव बताउँछन् । लामो दूरीका कारण यसअघि स्वास्थ्योपचारका लागि जनकपुरधाम नपुगेर कोशी प्रदेशको बिराटनगर पुग्ने गरिएकामा अब त्यो बाध्यता हट्ने विश्वास जागेको उनले बताए ।
त्यसैगरी जनकपुरधाम टाढा भएकाले धनुषाको जनकनन्दनी र कमला नगरपालिकाका कठाल, उदहा, सघारा, लगमालगायतका विद्यार्थीहरु सिरहामा पढ्दै आएका थिए । तर पुलको अभावमा निकै समस्या थियो । 'जनकपुरधाम टाढा भएकाले यहाँका विद्यार्थीहरु प्राथमिक शिक्षादेखि उच्च शिक्षा पढ्नै सिरहा नै जाने गर्छन् तर पुल नभएका कारण निकै सास्ती थियो । अब केही हदसम्म समस्या समाधान भएको सिरहा नगरपालिका–७ का शिक्षक जयचन्द्र यादवले बताए ।

**बजारीकरणमा टेवा पुग्ने**
त्यस्तै पुल निर्माणपछि यस क्षेत्रका किसानलाई कृषिउपजको बजारीकरणमा समेत टेवा पुग्ने अपेक्षा गरिएको धनुषा जनकनन्दनी गाउँपालिका–६ कठालका रामसेवक यादव बताउँछन् । उनले भने, 'पुलको अभावले स्थानीयवासी किसानहरुलाई आवतजावतका साथै कृषिजन्य उत्पादन बजारमा पु¥याउन असहज भएको थियो । पुलको निर्माणसँगै यस क्षेत्रमा उत्पादित कृषिजन्य वस्तुको सहज बजारीकरणले व्यावसायिक कृषिप्रतिको आकर्षणसमेत बढाउनेछ ।' धनुषाको खजुरीमा रहेका ऐतिहासिक लक्ष्मीनारायण मन्दिर र सिरहामा रहेका मिथिलाका विभूति राजा सल्हेशको मन्दिरजस्ता पर्यटकीयस्थलमा पनि आन्तरिक धार्मिक पर्यटन प्रवद्र्धनमा टेवा पुग्ने स्थानीय रामविनोद यादव बताउँछन् । रासस

# जय माँ सरस्वती









सरस्वती पूजाको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षाप्रेमी तथा अभिभावकज्यूहरुको सु-स्वास्थ्य तथा दिर्घायु र राष्ट्रका कर्णधार प्यारा भाई वहिनीहरुको उज्वल भविष्यकालागि इश्वर सँग कामना गर्दछु ।

## सरस्वती पुजाको अवसरमा आवश्यक सूचना

विभिन्न शैक्षिक संस्था, सरस्वती मन्दिर लगायत अन्य स्थानहरुमा सरस्वती पूजा मनाउने र मूर्ति विसर्जन गर्ने क्रममा चर्को स्वरमा डि.जे. बाजा बजाई अश्लिल गीतमा नाच्ने, लागु औषध तथा मादक पदार्थको सेवन गरी होहल्ला गर्ने, बाटोमा हिड्ने बालबालिकाहरुलाई जिस्काउने, एक आपसमा झैझगडा गर्ने, जबर्जस्ती रंग/अविर दल्ने, पूजाका लागि भनी चन्दा/रकम उठाउने जस्ता गतिविधिहरु नगर्नु नगराउनु।

त्यस्ता अवाञ्छित, अनैतिक, सामाजिक विकृती हुने खालका गैर कानुनी गतिविधि गरेको पाइएमा नजिकको प्रहरी कार्यालय वा सम्पर्क नं. १०० मा सम्पर्क गरी जानकारी गराउनका लागि सबैमा जानकारी साथ अनुरोध छ।

**अध्यक्षः**

जनकपुरधाम उ.म.न.पा. वडा नं. - २३
श्री गोविन्द सेवा समिति, जनकपुरधाम- २३
रवीन्द्र साह स्मृति प्रतिष्ठान, जनकपुरधाम- २३
जय गोविन्द बचत तथा ऋण सहकारी संस्था लि., जनकपुरधाम- २३
बिन्धी स्वास्थ्य चौकी, जनकपुरधाम-२३
रवीन्द्र मेमोरियल शिक्षण अस्पताल, रवीन्द्रनगर, जनकपुरधाम-२३

**आग्रहकर्ताः**

## राघवेन्द्र प्रसाद साह

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन